*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

# धर्मकीर्ति
## (बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**17th DECEMBER 2013**

| वर्ष- ३१ | अङ्क- ८ | योमरी पुन्हि | पौष २०७० |
|---|---|---|---|




जबसम्म पुरुषको स्त्री प्रति थोरै भए पनि कामना बाँकी रहन्छ, त्यसबेलासम्म दुधखाने बाछी आमाको प्रेममा आबद्ध भइरहे जस्तै त्यस पुरुष पनि स्त्रीमोहको वन्धनबाट मुक्त हुन सक्दैन ।

शरद ऋतुको कमलको फूललाई उखेले जस्तै पञ्चकाम सुख प्रतिको कामनालाई उखेलेर पठाउ । सुगत तथागत (भगवान बुद्ध) ले उपदेश गर्नु भएको शान्ति मार्ग – निर्वाणको आश्रय लेऊ ।

निदाएका गाउँलेहरूलाई गाउँसहित बाढीले बगाएर लगे जस्तै आफ्ना पुत्र र प्राणीहरू उपर आसक्त भई रहने व्यक्तिलाई सजिलै मृत्युले बगाएर लानेछ ।

मृत्यु राजले लाने समयमा छोराले रक्षा गर्न सक्दैन, न बुबाले रक्षा गर्न सक्छ, न त बन्धु जनले । मृत्यु आउने समयमा कुनै पनि वन्धुहरूमा रक्षा गर्न सक्ने क्षमता हुँदैन ।

Downloaded from http://www.dhamma.digital

▪ सम्पादकीय ▪

# मानिस र पशुमा फरक

मानिस चिन्तनशील प्राणी हो। उसमा बुझ्न सक्ने क्षमता छ । जसले गर्दा मानिसमा मनुष्यत्त्व झल्किने गर्छ ।

तर मनुष्यत्त्व झल्काउन सक्ने सक्कलि मानिसहरूको अभाव खट्किंदै गएको महशूस हुँदैछ आजभोलि। मानिसको रूपमा पशु स्वभावका व्यक्तिहरूको विगविगी छ आज यस संसारमा ।

त्यसैले होला भगवान् बुद्धले २५०० वर्ष अगाडि नै भन्ने गर्नु हुन्थ्यो–

**"किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं"**

*अर्थात्* – गुण सम्पन्न मनुष्य (मानिस) भएर जीउन सजिलो छैन । गुण सम्पन्न व्यक्ति (मानिस) दुर्लभ छ ।

खाना खाने, सुत्ने, भय, डर र मैथुन (यौन) सेवन आदि गुणहरू मानिस र पशुहरू दुबैमा हुने स्वभाव धर्महरू हुन् । तर सक्कलि मानिसमा यी बाहेक अनेक अमूल्य गुणहरू पनि समावेश हुन्छन् । ती यसरी छन्–

शिष्टता, सभ्यता, इमान्दारिता, विश्वास पात्र, चिन्तनशील, चेतना, मानवता, महात्मागुण, विद्वता, स्मृति, धर्मचेतना, शील्प शास्त्री, र शूर आदि एक मानिसमा समावेश हुन सक्ने गुणहरू हुन् । यी बाहेक मानिसहरूमा पशुहरूमा नभएका अर्को गुण पनि समावेश हुन आवश्यक छ । त्यो हो –

खराब कार्य गर्नु अगाडि समाजले के भन्ला भन्ने लाज (हिरी) र डर वा भय (ओतप्प) को अनुभव हुने ।

जुन मानिसले खराब कार्य गर्ने इच्छा जाग्ने बेला समाजले के भन्ला भनी लाज र डरको अनुभव भई उक्त कार्य गर्न सक्दैन, उक्त व्यक्तिलाई मासिसको दर्जामा राख्न सकिन्छ ।

तर जुन व्यक्तिसंग लाज र डर हुँदैन, त्यस व्यक्तिले जुनसुकै अपराध पनि निर्लज्जता र निर्भय पूर्वक गर्न तम्सिनेछ । फलस्वरूप उ एक अपराधीको रूपमा समाजको कलंक भइदिन्छ । त्यस्तो व्यक्ति मानिसको रूपमा पशु भन्दा तल्लो स्तरको भइदिन्छ । उ समाजको लागि बोझ बनिदिन्छ । त्यस्तो व्यक्तिलाई मानिसको दर्जामा कदापि राख्न सकिन्न ।

त्यसैले भनिन्छ–

"मनुष्य रूपेन मुगाश्चरन्ति"

अर्थात्– "मनुष्य भएर पनि पशु समान आचरण गर्ने व्यक्ति" त्यसैले नराम्रो आचरण भएको व्यक्तिलाई आफ्नै आमा बुबाले पनि पशु भनी गाली गर्ने चलन छ ।

खराब कार्य गर्ने अवस्थामा समाजको लाज र भय जबसम्म कायम हुन्छ, तबसम्म यस संसारको रक्षा हुनेछ । त्यसैले यो लाज (हिरी) र भय (ओतप्प) लाई लोकपाल धर्मको रूपमा लिइएको छ। अर्को शब्दमा भन्ने हो भने जबसम्म संसारमा लोकपाल धर्म बाकी रहनेछ, तबसम्म संसारको रक्षा भइरहन्छ । तर जब लोकपाल धर्म मानिसहरूको चित्तबाट हटेर जान्छ, तब संसार ध्वस्त भएर जानेछ ।

बुद्ध शिक्षा अनुसार गुण सम्पन्न व्यक्ति बन्नका लागि नभई नहुने अन्य र महत्वपूर्ण गुणहरू पनि अत्यावश्यक छन् । ती यसरी छन्–

(१) अरूलाई उपकार गर्ने ।

(२) अरूले आफूलाई गरेको उपकारको कृतज्ञता गुण सम्झी, आफूले पनि सक्दो प्रत्युपकार गर्ने ।

भनिन्छ संसारमा अरूलाई उपकार गर्ने व्यक्ति दुर्लभ छ भने आफूलाई उपकार गरेको गुण स्मरण गरी त्यस्को प्रत्युपकार गर्ने व्यक्ति झन दुर्लभ छ ।

त्यसैले यी दुबै गुण जुन व्यक्तिमा छ, त्यो व्यक्ति असली रूपमा मानिसको दर्जामा रहन सक्नेछ ।

यस विषयमा भगवान् बुद्धले बुद्धत्त्व प्राप्त गर्नु भएपछि बोधिवृक्षको उपकार गुण सम्झी बोधिवृक्षप्रति प्रत्युपकार गर्नु भएको घटनालाई सम्झी हामीले यसबाट आदर्श लिन सक्छौं ।

बोधिवृक्ष मुनि बसी बोधिज्ञान प्राप्त गर्नु भएपछि भगवान् बुद्धले बोधिवृक्षको गुणानुस्मरण गर्नुहुँदै एक हप्तासम्म यसरी कृतज्ञता जाहेर गर्नु भएको थियो–

"हे बोधिवृक्ष ! तिमीले मलाई निश्वार्थ पूर्वक रक्षा गरी छाँया दियौ, शुद्ध हावा दियौ, वर्षाको पानीले रूझ्नबाट बचायौं । त्यसको बदला तिमीले मवाट केही पनि पाउने आशा गरेनौ । तिम्रो यही गुणको आधारमा मैले बोधिज्ञान प्राप्त गर्न सफल भएँ। म तिमीप्रति कृतज्ञ र आभारी छु ।"



Downloaded from http://www.dhamma.digital

यसरी भगवान् बुद्धले बोधिवृक्षलाई माताको दर्जामा राखी सम्मान दिनुभएको थियो ।

भगवान् बुद्धले असल मानिसमा हुनुपर्ने कृतज्ञता गुण विषयमा दिनुभएको यो पहिलो शिक्षा हो । यस शिक्षालाई अनुशरण गर्ने मानिस भने कम मात्र देखिन्छ ।

भगवान बुद्धले रूखको गुणानुस्मरण गरी वृक्षलाई सुरक्षा गर्नुपर्ने सल्लाह यसरी दिनुभएको थियो ।

**"यस्स रूकखस्स छायाय निसीदेय्य सयेय्यवा न तस्स साखं भञ्जेय्य मित्तदुभो हि पापको"**

*अर्थात्*– जुन रूखको छाँयामा बसेर, सुतेको हुन्छ, त्यस रूखको हाँगा जसले भाँच्छ, त्यो व्यक्ति मित्रद्रोही र पापी हो ।"

भगवान बुद्धले २५०० वर्ष अगाडि दिनुभएको यस कृतज्ञ गुण पालन गर्नु पर्ने शिक्षा सहित अन्य मानविय गुणहरूलाई पनि पालन गर्दै हामीले असली मानिसको व्यवहार गर्दै आफ्नो जीवन सफल पार्न सकौं । फलस्वरूप प्राकृतिक वरदान रूपी भाग्यफल भोग्दै भाग्यमानी बन्ने मौका प्राप्त गर्न सकौं । ❖

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ७९३*

**मून देवी सिंह**

च:मति, काठमाडौं

रु. १००५/–

*क्र.सं. ७९४*

**अनार स्थापित**

नयाँबजार, काठमाडौं


रु. १००५/–

*क्र.सं. ७९५*

**आभाष बचत तथा ऋण सहकारी सं. लि.**

बनेपा

रु. १०००/–



# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–९

***अनुवाद*– देवकाजी शाक्य**

– ७५ –

– समानताको सारतत्व बुझ्नु झन राम्रो हो ।
– प्रतित्यसमुत्पादको सिद्धान्त अनुसरण गर्नु झन राम्रो हो ।

– ७६ –

– सबै कुराहरू उपलब्ध गर्न मद्दत पुऱ्याउने कारण र अवस्थाहरूप्रति कृतज्ञ होऊ ।
– स्वाभाविक परिणामहरू दिने कारण र परिस्थितिहरू अनुगमन गर ।
– नैतिकता हाम्रो सबैभन्दा मूल्यवान सम्पत्ति हो ।
– प्रज्ञा हाम्रो सबभन्दा महान ढुकुटी हो ।

– ७८ –

– तिमिले कारण र परिणामको नियमलाई विश्वास गर्नै पर्छ ।
– तिमी करूणा विना केही गर्न सक्तैनौ ।

– ७९ –

– कुनै भेदभाव नगरिकन सारा चेतनशील प्राणीलाई आफ्ना मनले अँगाल र यस्तो तरिकाले काम गर जुन पूरा सदिच्छानुकुल होउन् ।
– तिम्रो् मनलाई गम्भीर प्रज्ञा र वाकपटुता रूपमा विकसित हुन देऊ ।
– तिम्रो मनलाई सारा धर्म धातुलाई समेट्ने बनाऊ ।
– तिम्रो मनलाई सारा चेतनशील प्राणीको सुखको लागि परिष्कृत हुन देऊ ।

– ८० –

– मृत्यु सामना गर्दा एकजना घुम्मकड घर फर्किरहेका बेला समान प्रसन्न होऊ ।
– मृत्यु सामना गर्दा रूखबाट पात झरेको जस्तो स्वाभाविक सम्झ ।
– मृत्यु सामना गर्दा पूर्णचन्द्र जस्तो चोखो होऊ ।

– ८१ –

– एकजना राक्षस तरवार विसाएर साधु हुनु सक्छ ।
– सम्यक स्मृति एक ढाल हो जसले हामीलाई शत्रुहरूबाट रक्षा गर्छ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# धम्मपद २६९

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**न ब्राह्मणस्स पहरेय्य – ना स्स मुञ्चेथ ब्राह्मणो**
**धि ब्राह्मणस्स हन्तारं – ततो धि यस्स मुञ्चति**

*अर्थ*- ब्राह्मणलाई नपिट्नु, ब्राह्मणले पनि आफूलाई पिट्नेको उपर क्रोध नगर्नु । ब्राह्मणलाई पिट्नेलाई धिक्कार छ । ब्राह्मणलाई पिट्नेलाई भन्दा, पिट्नेमाधि क्रोध गर्नेलाई धिक्कार छ ।

**न ब्राह्मणस्से तद किञ्चि सेय्यो**
**यदा निसेधो मनसोपियेहि**
**यतो यतो हिंसमनो निवत्तति**
**ततो ततो सम्मतिमे व दुक्खा**

*अर्थ*- ब्राह्मणको लागि यो कुरा कम कल्याणकारी होइन कि उसले प्रिय (पदार्थबाट) कुराबाट मनलाई हटाउँछ, जहाँ जहाँ हिंसाबाट मन हटेर जान्छ, त्यहाँ त्यहाँ दुःख (अवश्य शान्त भएर जान्छ ।

*घटना*- उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बस्नु हुँदा सारिपुत्र स्थविरको कारणमा भन्नु भएको थियो ।

एक समयमा धेरै मानिसहरू एक ठाउँमा भेला भएर सारिपुत्र स्थविरको गुणगान गरीरहेका थिए "अहो हाम्रा सारिपुत्र स्थविर क्षान्ति-सहनशीलता गुणले सम्पूर्ण हुनु भएको छ । उहाँलाई गाली गर्दा पनि र पिट्दा सम्म पनि अलिकति पनि रिसाउनु हुन्न ।" यस्तो भन्दै सारिपुत्र स्थविरको गुणगान गरिरहेको ठाउँमा एउटा मिथ्यादृष्टिकले सोधे– "त्यसरी कहिल्यै नरिसाउने् स्थविर को हो ?"

अरूले भने– "उहाँ सारिपुत्र स्थविर हुनुहुन्छ ।"

ब्राह्मणले सोधे– "उहाँलाई क्रोध जगाइदिन सक्ने कोही हुँदैन के ?"

अरूले भने– "कसैले पनि उहाँलाई क्रोध जगाइदिन सक्तैन ।"

ब्राह्मणले भने– "उसो भए, म उहाँलाई क्रोध जगाइदिन्छु रिसाउन दिन्छु ।"

अरूले भने– "तिमीले सक्छयौ भने गरेर हेर ।"

ब्राह्मणले भने– मैले भोलि उहाँलाई गर्ने थाहा छ" भोलिपल्ट भिक्षाटनको समयमा सारिपुत्र स्थविर नगर भित्र जानु भएको समयमा त्यो ब्राह्मण पछि पछि लागे । मौका पारी स्थविरको पछाडि पिथ्युंमा जोरसँग मुक्का मारीदियो ।

त्यसरी पछाडीबाट आफूलाई बेस्करी पिट्न आउँदा पनि सारिपुत्र स्थविरले पिट्ने आउने को भनी हेर्दा पनि हेरेन । एकछिन पछाडी फर्केर हेर्दा पनि हेरेन । सरासर आफ्नो बाटो हिँडीरहनु भयो । अनि त ब्राह्मणलाई पछुतावाले जिउ भरि आगोले पोलेको झै भयो । ब्राह्मणले– "अहो आश्चर्य साँच्चै नै सहनशीलता गुणले सम्पूर्ण हुनु भएको रहेछ" भनी अगाडी दौडेर स्थविरको पाउ ढोगी माफी मागे ।

स्थविरले भन्नुभयो– "यो के गरेको ब्राह्मण ।"

ब्राह्मणले– "भन्ते मैले तपाइँको सहनशीलताको परीक्षा गर्न तपाइँलाई पछाडि पछाडीपट्टीबाट बेस्करी मुक्का मारी पिटेको हुँ । मलाई क्षमा गर्नुहोस्" भनी याचना गरे ।

स्थविरले भन्नुभयो– "भैहाल्यो जाउ ब्राह्मण, मैले तिमीलाई क्षमा गरें ।"

ब्राह्मणले भने– "भन्ते मलाई साँच्चै क्षमा गर्नु भएको भए आज एक चोटि मेरो घरमा बसी भिक्षा आहार ग्रहण गर्नुहोस् ।" स्थविरले भिक्षापात्र ब्राह्मणको हातमा दिनुभयो । ब्राह्मणले भिक्षा पात्र हातमा लिएर स्थविरलाई आफ्नो घरमा लगेर सत्कार सम्मानपूर्वक भोजन गराए ।

शहरको मानिसहरू जसले यो देखे, रीसले चूर भए । हाम्रा निर्दोष स्थविरलाई पिट्ने यो ब्राह्मणलाई त चुट्नु पर्छ भनि लट्ठी, इँटा, ढुङ्गा बोकी ब्राह्मणको घर बाहिर पिट्नलाई तयार भएर बसे । स्थविर भोजन खान सकाएर ब्राह्मणलाई पात्र बोक्न दिई बाहिर आउनु भयो ।



Downloaded from http://www.dhamma.digital

ब्राह्मणलाई कुट्न भनेर बाहिर बसेका मानिसहरूले स्थविरलाई भने– “भन्ते तपाइँ आफ्नो पात्र आफै बोकी यो ब्राह्मणलाई फर्किन दिनुस् ।”

स्थविरले सोध्नुभयो– “यसो किन गर्ने हो उपासकहरू ।” उनीहरूले भने– “यो ब्राह्मणले तपाइँलाई पिटे, यसलाई हामी छोड्ने छैनौं ।”

स्थविरले भन्नुभयो– “यो ब्राह्मणले मलाई पिटेको हो, तिमीहरूलाई होइन । मैले उसलाई क्षमा गरीसकें । तिमीहरू आ-आफ्नो ठाउँमा फर्क ।”

मानिसहरूलाई पनि उसको घरमा फर्काएर पठाउनु भयो ।

विहारमा भिक्षुहरूले यही कुरा लिएर चर्चा गरे– “सारिपुत्र स्थविरले यो के गरेको होला । जुन ब्राह्मणले आफूलाई बेस्करी पित्यो, उसैको घरमा गएर भोजन खाएर आउनु भयो । उहाँ जस्तोलाई त पित्न सक्ने ब्राह्मणले हामीलाई पित्न कहाँ बाँकि राख्ला ?”

भिक्षुहरूको बिचमा यस्तो चर्चा भइराखेको ठाउँमा भगवानं बुद्ध आउनु भयो । अनि भिक्षुहरूको बिचमा के को कुरा भई राखेको हो भनेर सोध्नु भयो । भिक्षुहरूले सबै कुरा बताएपछि त्यो कुरालाई लिएर भगवान् बुद्धले भन्नुभयो– ‘हे भिक्षुहरू ! ब्राह्मणले ब्राह्मणलाई पिटे भन्ने कुरा हुन सक्तैन । गृहस्थ ब्राह्मणले श्रमण ब्राह्मणलाई पिटेको हुन सक्छ । अनागामी मार्गफल लाभ गरेपछि क्रोध भन्ने कुरो हटेर जान्छ ।”

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो ।

❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| २०७० कार्तिक २४ आइतवार | शुभवती | वीर्यवती |
| मंसिर १ गते शनिवार | अमता | पञ्ञावती |
| मंसिर २ गते आइतवार | वण्णवती | धम्मवती |
| मंसिर ११ गते मंगलवार | सुवण्णवती | दानवती |
| मंसिर १७ गते सोमबार | क्षान्तिवती | केशावती |

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) अनागारिका अग्गञाणी गुरुमाँको प्रव्रजित जीवनको २५ वर्ष पूर्ण भएको उपलक्ष्यमा मैत्री केन्दका बालिकाहरूलाई भोजनको लागि रु. २५००/– प्रदान

२) मोतीलाल नकर्मी सपरिवार, सातदोबाटो, बालिकाहरुलाई कुर्ता सुरुवाल प्रदान

३) निरन शाक्य, अष्ट मङ्गल गहना पसल, तीनदोबाटो, बनेपा - आफ्नो जन्मदिनको उपलक्ष्यमा बालिकाहरूलाई भोजन प्रदान

४) प्रकाश वीरसिं तुलाधर, लाजिम्पाट रु. १५००/–

५) केशचन्द्र शाक्य, बनेपा, रु.५००/–

६) आभाष बचत तथा ऋण सहकारी संस्था.लि. बनेपा-५ बाट वृद्धवृद्धाहरू तथा बालिकाहरूलाई फलफूल तथा स्टेशनरी सामान वितरण

७) आसमा बज्राचार्य विशाल नगर, आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. ५००/– प्रदान

८) प्रकाश श्रेष्ठ, हरिदेवी श्रेष्ठ, प्रबिन श्रेष्ठ, बनेपा-५ बाट मैत्री केन्दलाई ब्ल्यान्केट वितरण

९) युवराज शाक्य, बनेपा, आफ्नो जन्मदिनको उपलक्ष्यमा चामल १ बोरा तथा दाल प्रदान

१०) बुद्धमाया मानन्धर, वाँख्योः, बनेपा - स्व. आमा मायाबेती मानन्धरको पुण्यस्मृतिमा भन्तेहरू तथा वृद्धवृद्धाहरू र बालिकाहरूलाई भोजन प्रदान

११) शान्तादेवी श्रेष्ठ, भोलखाटोल, बनेपा - आफन्तहरूको पुण्यस्मृतिमा भन्तेहरु तथा वृद्धवृद्धाहरू र बालिकाहरूलाई भोजन प्रदान

१२) भक्तलाल चित्रकारको पुण्य स्मृतिमा रु. १०००/–

❖

**धर्मप्रचार समाचार**

## धर्मोदय सभाको ७० औं स्थापना दिवस

*२०७० मंसीर १५ गते ।*

*स्थान- बुद्धविहार भृकुटीमण्डप ।*

नेपालको राष्ट्रिय बौद्ध संस्था तथा विश्व बौद्ध भातृत्व संघको क्षेत्रीय केन्द्र धर्मोदय सभाको ७० औं स्थापना दिवस मंसीर १५ गते बुद्ध विहारमा सम्पन्न भएको समाचार छ ।

उक्त सभा भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा र फणिन्द्ररत्न वज्राचार्यको प्रमुख अतिथित्वमा सम्पन्न भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# अग्रपाल राजवैद्य जीवक-३

✍ सत्यनारायण गोयन्का

यस प्रकार भगवानले भिक्षुहरूलाई छः प्रकारका चीवर प्रयोग गर्न सक्ने अनुज्ञा दिनुभयो । त्यसमा कौषय, क्षौभ, कार्पासिक, सान, कंबल तथा भंग चीवर पर्दछन् ।

मगध नरेश बिम्बिसारले भिक्षुसंघका लागि वेणुवन विहार दान दिनु भएको थियो । जीवकलाई भगवानको सेवामा दिनको दुई-तीन पटक जानुपर्ने हुन्थ्यो। वेणुवन विहार धेरै टाढा भएकोले त्यहाँ जान मुश्कील हुन्थ्यो। अतः उनले आफ्नो आम्रवनमा एउटा विहार बनाउने निर्णय गरे । यसकालागि आम्रवनमा राति बस्ने कोठा, दिनमा बस्ने कोठा, कुटी, मण्डप आदि बनाएर बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिए । आम्रवन राजगृह नगर र गृधकूट पर्वतको बीचमा पर्दछ ।

एक समय भगवान आम्रवनमा विहार गरिरहनु भएको थियो । तब जीवक कौमारभृत्यले भगवानसँग एउटा जिज्ञासा राखे –

"भन्ते, के भएमा उपासक हुन्छ ?"

"जब कोही व्यक्तिले बुद्ध, धर्म र संघको शरण ग्रहण गर्दछ, तब उसलाई उपासक भनिन्छ ।"

"भन्ते ! के भएमा उपासक शीलवान् हुन्छ ?"

"जब उपासक प्राणी हत्या गर्दैन, चोरी गर्दैन, एकनारी ब्रह्मचर्य पालन गर्छ, झूठो बोल्दैन र सुरामेरय आदि नशालु पदार्थ सेवन गर्दैन, तब शीलवान् हुन्छ ।"

"भन्ते ! के गर्दा उपासकको आत्महित मात्र हुन्छ, परहित हुँदैन ?"

"जब उपासक स्वयं आफू श्रद्धा सम्पन्न हुन्छ तर अरूलाई श्रद्धा सम्पन्न हुने प्रेरणा दिंदैन, आफू अर्थ-धर्मको ज्ञान प्राप्त गरेर धर्मानुसार जीवन व्यतीत गर्दछ तर अरूलाई धर्मानुसार व्यतीत गर्ने प्रेरणा दिंदैन भने ऊ आत्महित मात्र गर्दछ अरूको हित नगरेको ठहर्छ ।

"भन्ते ! के गर्नाले आत्महित र परहित दुबै हुनजान्छ ?"

"जब उपासक आफू श्रद्धा सम्पन्न भएर अरूलाई पनि श्रद्धा सम्पन्न हुने प्रेरणा दिन्छ, आफू पनि शीलवान् हुन्छ र अरूलाई पनि शीलवान् बन्ने प्रेरणा दिन्छ, स्वयं त्यागी हुन्छ र अरूलाई पनि त्यागी बन्ने प्रेरणा दिन्छ, आफू पनि भिक्षु दर्शन गर्न चाहन्छ र अरूलाई पनि भिक्षु दर्शन गर्ने प्रेरणा दिन्छ, आफू पनि सद्धर्म श्रवण गर्ने इच्छा गर्दछ र अरूलाई पनि सद्धर्म सुन्ने प्रेरणा दिन्छ, आफू पनि धर्म धारण गर्दछ र अरूलाई पनि धर्म धारण गर्ने प्रेरणा दिन्छ आफू पनि धर्म बढाउँछ र अरूलाई पनि धर्म बढाउने प्रेरणा दिन्छ, आफू पनि अर्थ–धर्म को ज्ञान प्राप्त गरेर धर्मानुसार जीवन जिउँदछ र अरूलाई पनि धर्मानुसार जीवन व्यतीत गर्ने प्रेरणा दिन्छ भने व्यक्तिले आफ्नो हित र अरूको हित गरेको ठहर्छ ।"

जीवकले भिक्षुहरूको हित हुने काममा भगवानसँग थुप्रै माग गर्नु भएको थियो । वैशालीमा त्यस समय भिक्षुहरूलाई ठूलो भोजनको दान दिने प्रचलन थियो । भिक्षुहरू यस्तो भोजन गरेर धेरै बिरामी हुन थाल्यो । जीवक कुनै कामले वैशाली गएका थिए । उसले अधिक भिक्षुहरू बिरामी भएको देखे । जीवक भगवानलाई भेट्न गए र उहाँसँग एक कुराको माग गरे– "भन्ते, आजकल वैशालीमा ठू–ठूला भोजनको आयोजना गर्ने प्रचलन रहेको छ यसको कारण भिक्षुहरू बिरामी हुनथाल्यो । यसको लागि चंक्रमण (हिँड्डुल गर्ने ठाउँ) तथा जंताघर (स्थानघर) को आज्ञा दिनुहोस्, यसबाट भिक्षुहरू बिरामी हुनेछैन् ।" भगवानले जीवकलाई धर्मदेशना दिनुभयो । उनी फर्केपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्दै चंक्रमण र जंताघरको अनुमति दिनुभयो । जसबाट भिक्षुहरू स्वस्थ हुन थाल्यो ।

जीवक सधैं महाराज बिम्बिसारका परिवार र भिक्षु संघको चिकित्सा सेवामा व्यस्त रहन्थे। अन्य मानिसहरू आफ्नो रोगको निदानको लागि जीवक कहाँ आउने गर्दथे तर जीवक आफ्नो व्यस्तताको कारण विवश भएर समय नभएको कारण बताउँथे । त्यस समय मगध राज्यमा कुष्ठरोग, बिमिरा, छालाको रोग, मृगौलाको रोग, सुन्निने रोग खूब फैलिएको थियो। राम्रो भोजन पनि पाउने साथै मान सम्मान, राम्रो निवास, राम्रो ओछ्यान पाउने भयो र बिरामी भएमा भिक्षुहरूद्वारा सेवा र जीवकद्वारा चिकित्सा सेवा गराउन पाइयो, यस्तो सोचेर रोगी व्यक्तिहरू पनि भिक्षु बन्न थाले । बिस्तारै भिक्षु संघमा रोगीहरू बढ्न थाले । रोगीहरूलाई बढी खर्च चाहियो, रोगी भिक्षु तथा सेवकको लागि भोजनको व्यवस्था हुनुपर्‍यो, औषधि आदिको व्यवस्था बढ्न थाल्यो। जीवक सँधैं भिक्षु संघको सेवामा नै व्यस्त रहन थाल्यो राजमहलको सेवा गर्न समयको अभाव हुनथाल्यो ।



Downloaded from http://www.dhamma.digital

पाँचैवटा रोग भएका एक व्यक्तिले जीवक कहाँ जचाउन चाहे तर जीवकसँग समय थिएन। उनले आफ्नो सारा सम्पत्ति जीवकको नाममा गरिदिने वचन दिए। तै पनि जीवकले आफ्नो असमर्थता व्यक्त गरे। उसले आफ्नो उपचारको लागि भिक्षु बनेर भिक्षु सेवा र जीवकको चिकित्सा सेवा लिने निश्चय गरे। उनले भिक्षु संघमा गएर प्रव्रज्या मागे र भिक्षुहरूद्वारा प्रव्रज्या दिए। तब भिक्षुहरू र जीवकले उनको सेवा गरे। केही दिनको उपचार पछि उनी रोग मुक्त भए। निरोगी भएपछि भिक्षु संघ छोडेर फेरि गृहस्थ बने। जीवकले उनलाई देखेर सोधे तपाईं त भिक्षु थियो अब फेरि किन गृहस्थ हुनुभयो ? तब उनले सारा कुरा बताईदिए। यस्तो सुनेर जीवकलाई धेरै दुःख लाग्यो, मानिसहरूको उद्देश्य देखेर आश्चर्य लाग्यो र साथै रिस पनि उठ्यो। उसको मनमा यस्तो प्रश्न उठ्यो कि आखिर यस्तो रोगी व्यक्तिलाई भिक्षुहरू किन प्रव्रज्या दिन्छन्। जीवक सरासर भगवान कहाँ गए। यही अनुरोध गरे कि भिक्षु संघ कुष्ठरोग आदि पाँच किसिमका रोगीलाई प्रव्रज्या नदिनू। भगवानले जीवकको अनुरोधलाई स्वीकार गर्नुभयो। जीवक भगवानको धर्मदेशना सुनेर हर्षित हुँदै फर्किए। भगवानले भिक्षुसंघलाई सम्बोधन गर्दै भन्नुभयो कि– "पाँच रोग भएका व्यक्तिहरुलाई प्रव्रज्या नदिनू, जसले यस्तो गर्छ उसलाई दुक्कट (दुष्कृत) दोष लाग्नेछ।"

एक पटक तथागतको हत्या गर्ने प्रयास देवदत्त र अजातशत्रुले गरेका थिए। देवदत्तले गृधकूट पर्वतमा चढेर शास्तालाई मार्न शास्ता हिंडीरहेको बाटोमा ठूलो ढुङ्गा खसालेका थिए। यो ठूला ढुङ्गा दुई पहाडको बीचमा अड्क्यो तर ढुङ्गा ठोकिएकोले एउटा सानो टुक्रा खसेर भगवानको खुट्टामा लाग्यो। भगवानलाई घाऊ भयो, रगत बग्न थाल्यो। दुख्न थाल्यो, यस घाउको उपचारको लागि शास्ताले आम्रवनमा जीवक कहाँ जाने इच्छा गर्नुभयो। भिक्षुहरुले भवानलाई आम्रवन लगे।

जीवकले शास्ताको घाऊ हेरेर उपचारको लागि एउटा पोल्ने औषधि हालेर पट्टी लगाई दिए। पट्टी बाँधे पछि जीवकले भगवानसँग अनुमति माग्दै भने– "भन्ते ! नगरमा एकजना व्यक्तिलाई उपचार गरेको थिएँ त्यसलाई हेरेर आउँछु। म नर्फकुञ्जेल यो पट्टी बाँधिराख्नुहोस्।" जीवक नगरमा गएर समयमा फर्कन सकेन। आम्रवनको ढोका बन्द भइसकेको थियो। जीवकलाई आफूले धेरै ठूलो गल्ती गरेको भैं लाग्यो। "अरूलाई जस्तै धेरै पोल्ने औषधिको पट्टी बाँधिदिएँ। अहिले त पट्टी खोल्ने समय भईसक्यो यदि अहिले पट्टी खोलेन भने औषधि फैलिएर रातभर शरीर पोल्नेछ।" उता भगवानले सोच्नु भयो "ढोका बन्द हुनु अघि जीवक फर्कन सकेन, यो त पट्टी खोल्ने समय हो। यस्तो सोचेर भगवानले आनन्दलाई भनेर पट्टी खोल्नुभयो घाऊ एकदमै पोलिरहेको थियो। बिहान हुने बित्तिकै जीवक शास्तालाई भेट्न आईपुगे र सोधे "भगवान यस पट्टीको कारण हजुरलाई धेरै पीडा भयो होला" भगवानले उत्तर दिंदै भन्नुभयो– "जीवक, तथागतको पीडा त बोधि प्राप्ति कै समयमा शान्त भईसक्यो।" यसै विषयमा धर्मदेशना गर्नुहुँदै एउटा गाथा भन्नुभयो।

**गत द्धिनो विसोकस्स – विप्पमुत्तस्स सब्बधि।**
**सब्बगन्थप्पहीणस्स – परिलाहो न विज्जति॥**

जस्को सारा गति समाप्त भइसक्यो, जो शोक मुक्त, विमुक्त तथा बन्धनमुक्त भइसक्यो उसको सारा पीडा शान्त भईसकेको हुन्छ। भगवानको धर्म उपदेश सुनेर जीवक प्रसन्न भए।

भगवान पटक-पटक जीवक कौमारभृत्यको आम्रवनमा रहनु भएको थियो। त्यस्तै एकपटक बाऱ्हसय पचासजना भिक्षुहरू सहित भगवान आम्रवनमा रहनु भएको थियो। आश्विन पूर्णिमाको चन्द्रमा विशाल आकाशमा आफ्नो प्रकाश छरिरहेकी थिइन्। मगध नरेश अजातशत्रु आफ्ना मन्त्रीगण सहित माथिल्लो तल्लामा बसिरहेका थिए। चाँदनी रातबाट प्रभावित भएर भने– "अहो कस्तो रमणीय पूर्णिमाको रात ? कस्तो हेर्न लायकको पूर्णिमाको रात ? कोही श्रमण अथवा कोही ब्राह्मण आएर धर्म उपदेश दिई मेरो मन प्रसन्न गरोस्।" यस्तो रमणीय वातावरणमा पनि अजातशत्रु आफ्नो बुबा बिम्बिसारको हत्या गरेको कारण प्रसन्न हुन सकेको थिएन।

राज्य मन्त्रीहरू महाराजलाई धर्मोपदेश दिनका लागि आ–आफ्ना आचार्यहरूको नाम लिन थाले– पूर्ण काश्यप, मक्खली गोसाल, अजित केसकम्बल, पकुध कच्चायन, संजय बेलट्ठिपुत्त, निगंठनाथपुत्त आदिका नाम लिए। तर मगधराज वैदेहिपुत्र अजातशत्रु मौन थिए। आफ्ना मन्त्रीहरूले नाम लिएका आचार्यहरूका प्रशंसा सुनेर प्रभावित भएन किनकी उनी ती छः जना आचार्यहरूसँग भेटिसकेका थिए। वास्तवमा अजातशत्रु भगवान बुद्धको उपदेश सुन्न उत्सुक थिए। परन्तु भगवानको हत्या गर्ने षडयन्त्र रचेका देवदत्तलाई सहयोग गरेको अपराधिको कारण आफ्नो आन्तरिक इच्छा व्यक्त गर्न अप्ठेरो मानिरहेका थिए। उनलाई थाहा थियो कि



Downloaded from http://www.dhamma.digital

राजवैद्य जीवक भगवानको उपचारक मात्र होइन श्रद्धालु शिष्य पनि हुन् । अतः उनी भगवानको उपदेश सुन्ने प्रस्ताव जीवकको मुखबाट सुन्न चाहन्थे । परन्तु जीवक त्यहीं बसेर पनि चुपचाप थिए । आखिर अजातशत्रुले भने, "जीवक ! तिमी किन चुपचाप बसिरहेको ?" तब जीवकले बोले, "महाराज, भगवान अरहत सम्यक सम्बुद्ध मेरो आम्रवनमा बान्हसय पचासजना भिक्षुहरू सहित रहनु भएकोछ । भगवान अरहत सम्यक सम्बुद्ध हुनुहुन्छ र उहाँ विद्या र आचरणद्वारा युक्त, सुगत, लोकविद्, बाटो बिराएका मानिसहरूलाई बाटो देखाउने सारथी तथा देवता एवं मनुष्यहरूका शास्ता हुनुहुन्छ । उहाँको धर्मदेशना सुनेमा अवश्य पनि हजुरको मन प्रसन्न हुनेछ ।" अजातशत्रु यही सुन्न चाहिरहेका थिए । उनले तुरन्त रथ तयार गर्ने आदेश दिए ।

मगध नरेश, पाँचसय हात्तीका रथमा रानीहरू सहित आफू सर्वश्रेष्ठ राजहात्तीमा सवारी भई दण्डदीपको प्रकाश बालेर बडो राजकीय वैभवका साथ राजगृहबाट जीवकको आम्रवन विहार तर्फ प्रस्थान गरे । आम्रवन नजिक पुग्दा त्यहाँको सुनसानपन देखेर भयभीत हुनपुगे । उनले बुझ्नै सकेन कि हजारजना भन्दा अधिक साधकहरू एकै ठाउँमा सामूहिक साधना गरिरहेका छन् तर यस्तो मौन, मानौं कोही मान्छे छैन । कतै जीवकले धोखा त दिइरहेको छैन ? कतै जीवकले विश्वासघात गरेको त छैन, कतै शत्रुको हातमा दिन लागेको त होइन, यस्ता प्रश्नहरू मनमा आउन थाल्यो । बान्हसय पचास जना भिक्षुहरूको महासंघ एकै ठाउँमा न खोकेको आवाज, न बोलेको आवाज वातावरण बिलकुल निःशब्द थियो । जीवकले महाराजलाई आश्वस्त रहन सम्झाउँदै मण्डपमा प्रवेश गराए । हात्तीबाट ओर्लेर केही पैदल हिंडेपछि मण्डप आईपुग्यो । जीवकले भगवानलाई देखाउँदै भने, "भगवान् मण्डपको बीचमा भिक्षुसंघको सन्मुख मध्य-स्तम्भको सहारामा पूर्व तर्फ फर्केर बस्नु भएको छ ।" अजातशत्रु भगवान कहाँ गए, अगाडि पुगेर एक तकले हेरिरहे । निर्मल जलाशय झैं शान्त र निस्तब्ध भिक्षुसंघलाई देखेर उत्साहित हुँदै भने "मेरो कुमार उदयभद्र यस शान्तिद्वारा युक्त होस्, जुन शान्तिले यो भिक्षुसंघ युक्त छ ।" वास्तवमा अजातशत्रुलाई आफ्नो पिता महाराज बिम्बिसारको हत्या गरे पछि कतै आफ्नो छोरो अशान्त भएर आफूलाई हत्या गर्न त आउने होइन भन्ने डर थियो । अजातशत्रुले भगवानलाई अभिवादन गरे र धर्मोपदेश सुने ।

जीवकले अजातशत्रुलाई भगवान समक्ष ल्याएर उनको कल्याण गरे । यसरी जीवकमा विशेष प्रकारका छः गुणहरू विद्यमान थिए ।
(१) जीवक भगवान शास्ता प्रति अत्यन्त श्रद्धा राख्दथे । (२) जीवक धर्मको प्रति अत्यन्त श्रद्धा राख्दथे । (३) जीवक संघको प्रति अत्यन्त श्रद्धा राख्दथे । (४) जीवक आर्यशील पालन गर्दथे । (५) जीवक आर्यज्ञानले युक्त थिए । (६) जीवक विमुक्तिद्वारा युक्त थिए ।

भगवान शास्ताले अनेक भिक्षु-भिक्षुणीहरूलाई कुनै न कुनै गुण विशेषलाई लिएर उपाधि दिनुभएको थियो । त्यस्तै प्रकारले अनेक स्रोतापन्न गृहस्थहरूलाई कुनै विशेष गुण देखेर अग्रको उपाधि दिनु भएको थियो । जीवकलाई अनेक मानिसहरू बीचमा सधैं प्रसन्न रहने गुणमा अग्रको उपाधि दिनुभयो । जीवक एकजना कुशल वैद्य थिए । कुशल वैद्य भएर अनेक व्याकुल रोगीहरूको सँधैं प्रसन्न भएर उपचार गर्दथे । जीवकको यही विशेषता थियो कि रोगीहरू माझ मात्र होइन अन्य व्यक्तिहरू सँग व्यवहार गर्दा पनि सधैं प्रसन्न तथा नरम रहन्थे, स्रोतापन्न भएपछि नै उनको स्वभाव पुष्ट हुनगयो । यस पछाडि एउटा अर्को पनि कारण थियो ।

एकलाख कल्प अगाडि भगवान सम्यक सम्बुद्ध पदुमुत्तर हंसवती नगरमा विहार गरिरहनु भएको थियो । एक दिन जीवक भगवानको धर्मोपदेश सुन्नका लागि त्यहाँ गएका थिए । प्रवचन सकिएपछि भगवान पदुमुत्तरले एकजना गृहस्थ उपासकलाई सबैका माझ सधैं प्रसन्न रहने व्यक्ति भनेर अग्रस्थान प्रदान गर्नुभयो । यस्तो घटना देखेर जीवकको मन एकदम प्रसन्न भयो, उनको मनमा पनि धर्म संवेग जाग्यो आफू पनि यस्तै सधैं प्रसन्न रहने व्यक्तिहरूको उपाधि प्राप्त गर्न सकून् । उनले आफ्नो धर्म कामना भगवान समक्ष राखे । भगवानले उसलाई योग्य पात्र थानेर उनको भविष्य हेर्नु भयो र आशीर्वाद दिंदै भन्नुभयो एकलाख कल्प पछि जब शाक्य कुलमा सिद्धार्थ गौतम सम्यक सम्बुद्ध हुनेछ तब उहाँको उपासक बनेपछि तिम्रो यो धर्मकामना पूरा हुनेछ र अग्रस्थान प्राप्त गर्नेछौ ।

त्यसपछि एकलाख कल्पसम्म मनुष्य तथा देवलोकमा जन्म लिंदै रहे, पारमिता पूरा गर्दै रहे । भगवान सम्यक सम्बुद्ध पदुमुत्तरले दिनुभएको आशीवार्द वर्तमान जन्ममा सफल भयो । जीवक गौतम बुद्धद्वारा प्रतिस्थापित अग्रपालहरू मध्ये एकजना हुनगयो ।

*(साभार–अग्रपाल राजवैद्य जीवक, वि.वि.वि, २००९)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–१२

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

अशोक कालमा सञ्चार व्यवस्था कठिन थियो र मानिसहरूले पहाड एवं मरूभूमी पार गर्नु पर्‍यो तै पनि बुद्ध धर्म पूर्वका धेरै भागमा पुग्न सकेको थियो। विस्तारै बुद्ध धर्म एशियाको प्रमुख धर्म हुन पुग्यो । आज पनि बहुसंख्यक एशियालीहरू यस धर्मका अनुयायी छन् ।

बीसौं शताब्दीको शुरूदेखि बुद्ध धर्म युरोपियन मुलुकहरूमा प्रचार भई रहेको छ। आधुनिक विज्ञान सँग मेल खाने एउटै मात्र धर्म बुद्ध धर्म नै हो भन्ने विश्वास गर्ने धेरै जसो युरोपीयनहरू अहिले बुद्ध धर्म प्रति आकर्षित भएका छन् ।

आ-आफ्नो उचित धर्म अभ्यास गरीरहेकाहरूलाई धर्म परिवर्तन गराउने आवश्यकता वा इच्छा बौद्ध धर्म दूतहरूलाई छैन । यदि मान्छेहरू आफ्नै धर्ममा सन्तुष्ट छन् भने उनीहरूलाई बौद्ध बनाउने कुनै आवश्यकता बौद्ध धर्म-दूतहरूलाई छैन । दुष्ट पापी एवं धूर्त व्यक्तिहरूलाई धार्मिक जीवन जीउन सिकाउन खोज्ने अरू धर्मका प्रचारकहरूलाई बौद्ध धर्म दूतहरूले पूर्ण समर्थन गरेका छन्। कुनै पनि प्रकारको धार्मिक विश्वास नभएकाहरूलाई आफ्नो धर्मतिर ल्याउन खोज्ने अरू धर्मका धर्म-दूतहरूलाई पनि बौद्ध धर्म-दूतहरूले समर्थन गरेका छन् ।

## भविष्यका बुद्ध

"यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन न म अन्तिम नै हुने छु । उचित समयमा यस संसारमा अर्को बुद्ध उत्पन्न हुनेछ" । (बुद्ध)

बुद्ध परिनिर्वाण हुन लागेको बेलामा भिक्षु आनन्द र अरू अनुयायीहरूले विरह गरे। बुद्धले भन्नु भयो "पुग्यो आनन्द, आफैलाई दुखित नपार, न रोऊ, अन्त हुनु नै सबै कुराहरूको स्वभाव हो भन्ने कुरा के मैले तिमीलाई बताएको छैन र ? हामीहरू आफ्नो सबै नजीकका एवं प्याराहरूबाट विछोड हुनु पर्दछ। मुर्ख मानिसले 'म' भन्ने धारणा लिएको हुन्छ, बुद्धिमान मान्छेले संसारलाई सही रूपले बुझेको हुन्छ । उसले बुझेको हुन्छ कि सबै कुरा नै दु:खले पूर्ण छ र फेरि नष्ट भएर जान्छ, तर सत्य सँधै नै रही रहन्छ ।

मैले यो शरीरलाई किन बचाउनु पर्छ । जवकी शाश्वत निगमको शरीर ता रहिरहन्छ । म दृढ छु । मैले आफ्नो उदेश्य पूरा गरी सकेको छु र गर्नु पर्ने काम गरी सकेको छु । आनन्द, तिमी धेरै समयदेखि अपार मैत्री पूर्ण कार्य, विचारहरूमा मेरो नजीकै रहेका छौ । तिमीले राम्रो गरेका छौ आनन्द ! आफ्नो प्रयासमा तत्पर होऊ । तिमी पनि छिटै नै बन्धनबाट मुक्त हुने छौ । तिमी कामास्रवबाट, स्वार्थीपनबाट, मोह र अज्ञानताबाट मुक्त हुने छौ ।

आफ्नो आँशुलाई रोक्दै आनन्दले बुद्धलाई भने– "तपाई (बुद्ध) नरहे पछि हामीलाई कसैले ज्ञान दिन्छ होला ?" र बुद्धले वहाँको शिक्षाहरूलाई नै आफ्नो गुरुको रूपमा लिनु भयो। बुद्धले भन्नु भयो "यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन नत म अन्तिम बुद्ध नै हुने छु । उचित समयमा अर्को बुद्ध यस संसारमा उत्पन्न हुने छ जो पवित्र, सम्यक् सम्बुद्ध, विद्या र आचरणले युक्त, सुगतो, लोकलाई जान्ने, मान्छेहरू मध्य अतुलनीय नेता एवं देव र मनुष्यहरूको गुरु हुनु हुने छ । वहाँले पनि तिनै सत्यको प्रकाश गर्ने छ जुन मैले गरेको हुँ । वहाँले पूर्ण रूपले दोष रहित एवं शुद्ध धार्मिक जीवनको प्रतिपादन गर्नु हुनेछ जसरी अहिले मैले गरेको छु ।

"हामीले वहाँलाई कसरी जान्न सकुंला ?" आनन्दले सोध्नु भयो ।

बुद्धले भन्नु भयो– वहाँ मैत्री (बुद्ध) नामले कहलाउने छ ।

बौद्धहरू यो विश्वास गर्छन् कि उनीहरू जो अहिले पुण्य कार्य गर्छन मैत्री बुद्धको समयमा मनुष्य भै जन्म हुने छन् र गौतम बुद्धले बताउनु भए जस्तैको निर्वाण प्राप्त गर्ने छन् । यस प्रकार वहाँका शिक्षाद्वारा मुक्ति पाउन सक्ने छ। वहाँको शिक्षा सबैका लागि भविष्यको आशा बन्न सक्ने छ । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बुद्धानुभाव मैत्रीः छुं दसि–३

✍ भिक्षु ज्ञानपूर्णिक

थथे जूगु कारण मदयेक मखु । मूलपण्णास पासरासी सुत्त वर्णनाय् व सारत्थ दीपनी टीकाय् "तथागतयागु शक्ति सामर्थ्य" धकाः वर्णन याना तल । जनसाधारणं मती तइ– "थ्व ला वस्पोल तथागत जुयाः जक जूगुका । थन तथागतयागु शक्ति सामर्थ्य ऋद्धि आनुभाव धयागु मेगु मखु । वस्पोल तथागतयागु मैत्रीया आनुभाव हे खः ।

थथे धायेबले थुगु मैत्री धयागु अदोष चैतसिक परमार्थ धर्म खः । उकियात तथागतं जक प्रयोग याना बिज्यायेगु अधिकार दुगु ला कि ? अथवा "अतुलनीय प्रभावशाली तथागत जूगुलिं जिं थःगु शक्तिं भ्यावे जुक्व प्रतिफल बिया क्यने" धकाः नं परमार्थ धर्मं ख्वाः स्वयाः प्रतिफल बीकूगु ?

वस्पोल तथागतयागु धर्म अथे पक्षपाती धर्म मखु । सम्पूर्ण मनुष्य जगतं याउँक अःपुक न्यने ज्यूगु, छ्यले ज्यूगु, ज्या काय् ज्यूगु आचरण धर्म खः । प्रत्यक्ष विद्वद्जनपिसं सीके ज्यूगु धर्म खः ।

आः पञ्चवर्गीयपिनिगु क्रिया कलापय् तथागतं गुकथं मैत्री छ्यला बिज्यात धयागु खँयात ग्रन्थय् वःकथं उल्लेख याना वने ।

पञ्चवर्गीयपिंथाय् तथागत बिज्याबले तथागतं मैत्रीयात जक प्रयोग याना बिज्यात । उगु मैत्रीयात प्रभावोत्पादक कथं वस्पोलं गुकथं प्रयोग याना बिज्यात धयागु खँ जातक अट्ठकथा निदान, अपदान अट्ठकथा–१–९६ व बुद्धवंस अट्ठकथा ३४३ – पौल्याखय् (थन उल्लिखित पौल्याःत छट्ठ संगायन बर्मेली पालि सफूया पौल्याःत खः स्वभाव कथं छगू हे पहलं क्यना तःगु दु ।) उकी मध्यय् थन बुद्धवंस अट्ठकथा कथं जक न्ह्यब्वया क्यने ।

"भगवा तेसं चित्ताचारं ञत्वा सब्बसत्तेसु अनोधिस्सकवसेन करणसमत्थं मेत्तचित्तं संखिपित्त्वा ओधिस्सकवसेन मेत्ता चित्तेन फरि । ते भगवतो मेत्तचित्ते न फुट्ठ । तथागतें उपसङ्कमन्ते सकाय कतिकाय सण्ठातु असक्कोन्ता अभिवादनादीनि सब्बकिच्चानि अकंसु ।" हिलाभाय्– "भगवान बुद्धं इपिं पञ्चवर्गीय पिनिगु मनोविचारयात खंकाः सीका बिज्याय्वं सम्पूर्ण सत्त्वप्राणीपिनि प्रति "फलानापिं सत्त्वपिन्त" धका उद्देश्य याना सीमाना तयेगु मयाःसे दक्व सत्त्वपिन्त छपुचः याना चक्कंके फुगु वा ज्यूगु मैत्री चित्तयात संक्षिप्त मुंकाः अलग विशेष रुपं परिधि वा सीमाना तयेगु कथं पञ्चवर्गीय न्याम्हसिगु प्रति जक सीमित यानाः चक्कंका बिया बिज्यात ।

तथागतयागु मैत्री चित्तं स्पर्शित जूगु कारणं इपिं पञ्चवर्गीयपिसं तथागत न्ह्योने थ्यकः बिज्यायेवं तुं थःथः पिनिगु सत्य करालय् दिना च्वने मफयाः अभिवादनादि सम्पूर्ण ज्या-खँत यात ।"

थ्व जुल पञ्चवर्गीयपिनि प्रति तथागतयागु मैत्री धातुं क्यंगु प्रभाव । थुकिं रोज मल्ल आदिपिनि प्रति तथागतयागु मैत्री गुकथं प्रयोग जुल धयागु नं स्पष्ट याना बियाच्वंगु दु ।

नालागिरि विजय सम्बन्धय् (अपदान अट्ठकथा १ – १३७ – ८) लय् क्यना तःगु ला झं हे स्पष्ट जू वः ।

भगवा अपरिमाणेसु चक्कवालेसु अनन्तसत्तेसु फरणारहं मेत्तं एकस्मियेव नालागीरिम्हि फरि । सो भगवतो मेत्ताय फुटो निब्भयो हुत्वा भगवतो पादमूले निपति ।" हिलाभाय् भगवान बुद्धं अनन्त चक्रवालय्च्वंपिं अनन्त सत्त्वपिनि प्रति तकं फिजे यानाः चक्कंका छ्वये फूगु मैत्री चित्तयात नालागीरि किसि छम्हसिगु प्रति जक पुचः चिनाः चक्कंका बिज्यात । नालागीरि किसिं वस्पोल तथागतयागु मैत्री धातुं स्पर्शित जुइ धुंकूगु जुयाः निर्भय पूर्वक तथागतयागु पाद चरणय् नतमस्तक जूवन ।"

प्रमाण कथं धायेगु खःसा तःसकं शक्तिशालीगु स्लाइटया प्रकाशयात न्यंकनं फइले यानाः च्याका तःगु पाखें लिचिकाः दक्व प्रकाशयात छथासं जक केन्द्रित व सीमित यानाः च्याका बिल धाःसा सम्पूर्ण प्रकाश शक्ति छपुचः चिनाः तःसकं तःसकं हे शक्तिशाली जुया वइथें हे जुल ।

क्वचाल ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको जन्मस्थल नेपाल हो भन्ने कुराको प्रचार–प्रसार संसारभरि राम्रोसंग हुन आवश्यक छ–२

✍ मेघराज शर्मा

यो कुरा जापानका अनुसन्धानकर्ता अन्वेषकहरूले नै पत्ता लगाएको स्वीकारेका पनि कुरा हो। पाठ्यक्रममा राखिएको कुरालाई विद्यार्थीले त आधिकारिक मान्दछन्। यस्तो कुरा हाम्रो कुटनैतिक क्षेत्रले थाहा नपाएको हुन सक्दछ। अब यो थाहा भई सकेबाट हाम्रो कुटनैतिक क्षेत्रले त्यसलाई सच्याउनु पर्छ। होइन भने भारतले पिप्रहवा नयाँ कपिलवस्तु बनाई रहेको अवस्थामा अन्तर-राष्ट्रिय मुलुकका पाठ्यपुस्तककहरू बुद्धको जन्मस्थल भारत हो भनेर लेखिनुबाट पिप्रहवालाई नै ऐतिहासिक कपिलवस्तु वा लुम्बिनी भनाउन थप टेवा पुग्ने देखिन्छ। डीन सारै सरल र मृदुभाषी हुनुहुन्थ्यो। उहाँको शिष्टता र जवाफ दिने तरिकाले हामीलाई निकै प्रभावित पार्‍यो। उहाँले बुद्ध नेपालमा जन्मेको हो भन्ने कुरा सम्वन्धित ठाउँमा उठाउने वचन दिनुभयो।

रात्री भोजपछि हामी सबैसित बिदावादी भइ आफ्ना होटल तर्फ लाग्यौं। होटलमा आएपछि पनि बुद्ध भारतमा जन्मेको भनेर जापानी पाठ्य पुस्तकमा लेखिएको, टुरिष्ट गाइडहरूले पनि यही कुराको प्रचार गरेको थाहा पाउँदा यहाँ हाम्रा राजदूतहरूले के गरेर समय बिताउँछन्? तिनीहरूको काम आफ्नो मुलुकको प्रचार–प्रसार गर्ने र दुई मुलुक बीचको राजनीतिक धार्मिक र सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने होइन र? जापानमा बुद्ध भारतमा जन्मेका हुन् भन्ने कुरा पाठ्यक्रममा राख्दा र गाइडले प्रचार गरिरहँदा केही थाहा नपाए जस्तो गरी राजदूत चुप लागेर बस्न मिल्छ र? जापानका पत्रपत्रिका र रेडियोबाट यो कुराको खण्डन गरी वास्तविक कुरा बताउन मिल्दैन र? हाम्रो देशमा त भारत, चीन, अमेरिका र जापान लगायत देशका राजदूतहरूले आफ्नो देशको कुरा हाम्रा राष्ट्रिय अखवार हरूमा प्रचार गरिरहेका हुन्छन् भने हामीले जापानमा वास्तविक कुराको प्रचार–प्रसार किन नगर्ने? कि यसो गर्न भारतीय दबाबका कारण हाम्रा राजदूतहरूले सकिरहेका छैनन्। भोलि यसबारे जापानस्थित नेपाली राजदूतसँग कुरा गर्न जाने निधो गरेर म आफ्नो विस्तरा तर्फ लागें। ❖

*(लेखक पाल्पाबाट प्रकाशित गाउँले देउराली साप्ताहिकको सम्पादक हुनुहुन्छ)*

# जस्तो गर्छौं उस्तै पाउँछौ

✍ नरेन्द्रनाथ भट्टराई

प्रायसः मानिस गर्ने बेलामा मनपरी गर्छन्। अनि त्यसको प्रतिफल भोग्नुपर्दा भगवान्लाई दोष दिन थाल्छन्। भगवान्ले सबै मानिसलाई कर्म गर्न र त्यसको फल भोग्न पूर्ण रुपले स्वतन्त्रता प्रदान गर्नु भएको छ।

एउटी गृहणी हरेक दिन बिहान आफ्ना परिवारलाई चाहिने जति रोटी पकाइसकेपछि आखिरमा एउटा रोटी भीख माग्न आउनेलाई दिने गर्दथिन्। यता हरेक दिन ठीक त्यही समयमा त्यहाँ एउटा कुप्रे, लङ्गडो, भीखमङ्गा आएर "दुःख देऊ, दुःख पाऊ, सुख देऊ, सुख पाऊ" भन्दै कराउँदै गर्दथ्यो। गृहिणीले पनि त्यसलाई दिनदिनै त्यो रोटी दिने गर्दथिन्। धेरै दिनसम्म जहिले पनि त्यही कुप्रे, लङ्गडो बूढो। त्यही एउटा थेगो, "दुःख देऊ, दुःख पाऊ, सुख देऊ, सुख पाऊ" सुन्दा र देख्दा गृहिणी वाक्क भइछन्। कसरी र के गरेमा त्यस कुप्रेको अनुहार हेर्न पनि नपर्ने र त्यसको झर्को लाग्दो आवाज पनि सुन्न नपर्ने होला भन्दा भन्दै एकदिन बिहान रोटी बनाउन लाग्दा तिनलाई यस्तो दुर्विचार उठ्यो– "यदि रोटीमा विष मिलाएर दिएँ भने त सबै झन्झट्बाट मुक्त होइन्छ।" यति विचार गरी अन्तिम रोटीमा विष मिसाएर बनाइदिइन्। त्यसैबखत त्यो माग्ने सधैं झैं आएर करायो। रोटी हातमा लिएर जुरुक्क उठेकी थिइन् उनमा फेरि सद्भाव उठ्यो। "धत्तेरिका ! यस्तो गर्नु त महापाप हो।" यति विचार गरि तुरुन्त त्यो रोटीलाई आगोमा हालिदिएर अर्कै राम्रो एउटा रोटी लगेर दिइन्।

ती आइमाइको एक्लो छोरो काम गर्न विदेश गएको धेरै दिनदेखि खबर पनि नआएकोमा खिन्न भएर बसिरहेकी थिइन्। त्यसैदिन साँझ कसैले ढोका खोल्छिन् त आफ्ना तिनै छोरा मरणासन्न अवस्थामा थरथर काम्दै, लडखडाउँदै उभिरहेको देखिन्। "के भयो बाबु। तिमीलाई ? यस्तो के हालत बनाएको" भनी सोध्दा छोराले भने– "आमा ! भाग्यले गर्दा आज हजुरले मेरो मुख देख्न पाउनु भयो। त्यो भीख मङ्गाले यदि आज मलाई रोटी खान नदिएको भए म त्यही पाटीमा मर्ने थिएँ।" के भयो ! सबै कुरा खुलस्त भनन भनी आमाले भन्दा छोराले भने– "विदेशबाट पैसा कमाएर आउँदै थिएँ, बाटोमा चोरहरूले सबै पैसा लुटेर लगे। त्यसपछि म बाटैमा बिरामी परें। रोग र भोकले गर्दा झन् झन् कमजोर हुन थालें। आज बिहान त्यो परको पाटीमा आईपुग्दा त म उठ्नै नसक्ने र बोल्नै नसक्ने भएँ। त्यसैबापत एउटा कुप्रो र लङ्गडो माग्ने हातमा एउटा रोटी लिएर म भए ठाउँमा आएर, "आज एक छाक म खाना खान्न यसैलाई ख्वाउँछु भनेर मलाई खान दियो। त्यो एउटा रोटी मेरो पेटमा परेपछि म यतिसम्म बल्ल बल्ल हिंडेर आउन सकें नत्र अहिलेसम्म म मरिसक्ने थिएँ।"

छोराको कुरा सुन्दा बल्ल आमाले बुझिन्, त्यो माग्नेले भन्ने गरेको महान वाणीको अर्थ। यदि तिनले त्यस दिन बिहानको रोटीमा विष मिलाई दिएको भए के हुने थियो होला त ? जस्तो गर्छौं, त्यस्तै पाउँछौं।"

"चारखुट्टा टेकेर हिंड्ने तथा घाँस खाने जन्तु वास्तवमा पशु हो इनन्। जो मन, बुद्धि र अहंकारको पाशोमा बाँधिएर वासनारुपी घाँस खाएर जीवनयापन गर्दछ, त्यही वास्तविक पशु हो।

*साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)*



Downloaded from http://www.dhamma.digital

# शान्त र निर्विघ्न पूर्वक बाँच्न पाउनु हरेक प्राणीको नैसर्गिक अधिकार

✍ वीर्यवती

"यसरी बाँच्नु भन्दा त मर्नु नै वेश" यो भनाई नेपाल जस्तो सुन्दर देशमा बस्ने बारूदी सुरूङ र विष्फोटक उपकरणको विष्फोतबाट घाइते भएको एक पिडितको हो । साँच्चै नेपाल एक सुन्दर देश भएर पनि दश वर्षे द्वन्दका कारण यहाँका सयौं नागरिकहरूले ज्यान गुमाउनु परेको छ भने हजारौंले घाइते र अंगभंग भई कष्टकर जीवन विताइरहनु परेको छ। बारूदी सुरूङ र विष्फोटक हतियारहरूको कारण सोभै युद्धमा संलग्न बाहेक अधिकांश युद्धमा संलग्न नभएका र युद्ध नचाहने नागरिकहरू द्वन्दको अवस्थामा र द्वन्दको अन्त्य पछि पनि त्रासदीपूर्ण वातावरणमा बाँचिरहनु परेको छ । बारूदी सुरूङ र विष्फोटक उपकरणहरूको सिकार स्वरूप कतिले हात, खुट्टा, आँखा जस्ता अंगहरू गुमाउनु परेको छ भने कतिपय त्यसको रासायनिक असरको कारण शारीरिक र मानसिक पीडाले ग्रस्त भइरहनु परेको छ। घाउ दुखिरहेछ त उपचार खर्च छैन", ठूलो परिवार धान्नु पर्छ, तर काम गर्न सकिरहेको छैन", "छोराछोरी छन् तर ममतामयी आमा छैनन्"– यस्ता दु:खपूर्ण अवस्थाहरूबाट पीडितहरू गुज्रिरहेका छन् ।"कतिबेला कहाँ, के पड्कने हो" यस्तो त्रासदीपूर्ण वातावरण भएका ठाउँहरूका वासिन्दाहरूले आफ्नो दिनचर्या कष्टकर तवरले व्यतित गरिहनु परेको छ ।"[1]

नेपालमा घटेका माथि उल्लेखित हृदय विदारक घटनाहरू जुन घट्न नपर्ने हो, घटिसकेका छन्, ती घटनाहरू फेरि नदोहोरियोस् भन्ने हाम्रो कामना रहेको छ । यसको लागि हामीलाई भगवान् बुद्धले दिनु भएको शिक्षाले मार्ग दर्शन गरोस् । फलस्वरूप हामी सबै नेपालीले शान्तपूर्वक बाँच्ने अधिकार र भाग्य प्राप्त गर्न सकौं । किनभने कसैको अनावश्यक दवावमा नपरी मानसिक एवं शारीरिक यातना रहित निर्विध्न, स्वतन्त्र एवं शान्तपूर्ण जीवन विताउन पाउनु सबै प्राणीहरूको नैसर्गिक अधिकार रहेको हुन्छ । यस प्राकृतिक स्वभाव धर्मलाई उल्लेख गर्नुहुँदै भगवान् बुद्धले हामीलाई पञ्चशील पालन गर्ने सल्लाह दिनु भएको छ । पञ्चशीललाई सद्व्यवहार, राम्रो आचरण सम्बन्धि नियम पनि भन्न सकिन्छ। पञ्चशील (पाँचवटा नियमहरू) मध्ये पहिलो नियम हो–शान्ति स्वतन्त्र र निर्विध्न पूर्वक बाँच्न पाउने हरेक प्राणीको नैसर्गिक अधिकारलाई हनन नगर्नु" ।

यस नियमलाई भगवान् बुद्धले धम्मपदमा यसरी उल्लेख गर्नुभएको छ ।

**सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो**
**अत्तानं उपमंकत्त्वा – न हनेय्य न घातये**

*(धम्मपद पेज ५९, दण्ड वग्गो गाथा १२९)*

*अर्थात्*– दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्छन्, त्यसकारण कुनै पनि प्राणीलाई आफू भै सम्भी हिंसा नगर्नु र नगराउनु ।

यस बुद्ध वचनलाइ हामीले सदैव अनुमोदन गर्न सक्नु परेको छ। किनभने हामी मध्ये कसैलाई पनि विना कारण अरूले घात गर्न आउने कार्य मन पर्दैन । आफ्नो शरीरमा अलिकति घाऊ पनि नहोस् र आफ्नो मनमा कसैले अलिकति पनि ठेस पुग्ने कुरा नगरोस् भनी चाहना राख्ने हामीले अरूहरूको शरीर र मनमा घात हुने कार्य र कुरा गर्नु अगाडि हामी सचेत हुन आवश्यक छ। त्यसैले भनिन्छ, अरूप्रति केही काम र कुरा गर्नु अगाडि त्यही काम र कुरा अरू कसैले आफुलाई गर्न आउँदा हामीलाई मन पर्छ वा पर्दैन, त्यसलाई बुझेर मात्र अरूप्रति व्यवहार गर्नु उचित हुनेछ। यदि आफूलाई त्यही कार्य कसैले गर्न आउने अवस्थामा हामीलाई स्वीकार्य छ भने त्यस कार्य अरूलाई पनि गर्न उचित हुनेछ अन्यथा त्यस कार्य अरूलाई पनि नगरे कल्याण हुनेछ ।

यसरी आफूबाट हुने पाप (खराब) कार्य र गलत कार्यलाई हामीले आफैले मूल्याङ्कन गर्दै यसलाई हटाउन र पञ्छाउन सक्नेछौं ।

---

१ "बारुदी सुरुङ र ओटावा सन्धिको सन्दर्भमा नेपाल", पेज २२ भाग-१ परिचय ।



Downloaded from http://www.dhamma.digital

बुद्ध भूमी नेपालमा जन्मेका हामीले हामी नेपाली भनी आफूलाई गौरवान्वित गर्नु छ भने भगवान् बुद्धले देखाउनु भएको सद्मार्गलाई अपनाउनु सक्नु हाम्रो लागि कल्याणकारी कार्य हुनेछ । बुद्ध नेपालमा जन्मनु भएको भनी नारा लगाउँदै कर्त्तव्य पालन गरेको भनी ठान्ने हामीले भगवान बुद्धले सिकाउनु भएको शिक्षालाई पालन गर्दै सही जीवन बिताउन सकेमा मात्र हामीले साँचो रूपमा बुद्ध शिष्य बनी कर्त्तव्य पालन गरेको ठहरिने छ ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**यो दण्डेन अदण्डेसु – अप्पदुट्ठेसु दुस्सति**
**दसन्नमञ्ञत्तरं ठानं – खिप्पमेव निगच्छति**
**वेदनं फरूसं जानिं – सरीरस्स च भेदनं**
**गरूकं वापि आवाधं – चित्तक्खेपं व पापुणे**
**राजतो वा उपस्सग्गं – अब्भक्खानं, 'व' दारूणं**
**परिक्खयं व ञातीनं – भोगानं व पभंगुरं**
**अथव 'स्स अगारानि – अग्गि दहती पावको**
**कायस्स भेदा दुप्पञ्ञो – निरयं सो पपज्जति**

*(धम्मपद पेज ६२, दण्डवग्गो गाथा १३७, १३८, १३९, १४०)*

अर्थात्- जसले आफ्नो नीजि स्वार्थ पूर्तिको लो भमा फसी अरूलाई हानी नोक्सानी हुने जालसाजीपूर्ण कार्य गर्छ कुरा गर्छ र योजनाहरू बुन्छ, जसले दण्ड भोग्नु नपर्ने निर्दोषी व्यक्तिलाई दण्ड दिने गर्छ र दोष लगाउँछ, त्यस व्यक्तिलाई प्रकृतिले तल उल्लेखित १० प्रकारका दशा रूपी दण्डहरू मध्ये एक न एक दण्ड भोगाउने छ ।

१) टाउको दुःख्ने आदि असहाय वेदनाले सताउने छ ।
२) आफूसंग भएको धन विनाश हुनेछ ।
३) अंग भंग हुनेछ ।
४) ठूल्ठूला रोग लाग्नेछ ।
५) बहुलाउने छ ।
६) राजदण्डादिको भय आउने छ ।
७) अनेक लाञ्छनाहरू लागि निन्दित र अपहेलित बन्नुपर्नेछ ।
८) आफ्ना नाता कुतुम्बहरू विनाश हुँदै जानेछन् ।
९) आफ्नो भोगको विनाश हुनेछ ।
१०) घरमा आगलागी हुनेछ र मरणोपरान्त पछिको चित्तले राम्रो गति पाउन नसकी नर्कतुल्य जीवन बिताउनु पर्नेछ ।

हामीलाई थाहा छ, कोही पनि व्यक्ति माथि उल्लेखित दशाहरू भोग्न तयार हुँदैनन् र आफ्नो जीवनमा सुख सुविधा नै चाहन्छन् । तर चाहेर मात्र कहाँ हुँदो रहेछ र ? काम नै गर्नुपर्छ ।

जुन व्यक्तिले अरूलाई हिंसा र हत्यारूपी दुःख दिने बीऊ रोप्छ, प्रकृतिले उसलाई यस्तै प्रकारको फल भोगाउने व्यवस्था मिलाइसकेको हुन्छ । त्यसैले अशान्ति र दुःख निम्त्याउने कार्य गर्ने जिम्मेवारी हामीमा नै निहित छ भने सुख शान्ति निम्त्याउने कार्यको जिम्मेवारी पनि हामीमा नै निहित रहेको हुन्छ ।

भगवान बुद्ध भन्नुहुन्छ–

**"यादिसं वपते बीजं तादिंस हरते फलं"**

*अर्थात्*– हामीले कर्म क्षेत्रमा जस्तो बीऊ रोप्छौं, त्यस्तै फल हामीलाई प्राप्त हुनेछ ।

हाम्रो हरेक कर्मको फल हाम्रो चेतनामा भर पर्छ किनभने कर्म क्षेत्रमा कर्म रोप्ने तत्त्व मन नै हो । शरीर होइन । शरीर त मनको नोकर हो ।

त्यसैले भगवान बुद्धले भन्नु भएको छ–

**"चेतनाहं भिक्खवे कम्मं वदामि"**

कर्मलाई साथ दिने प्रमुख तत्त्व चेतना नै हो ।

त्यतिमात्र होइन उहाँले फेरि भन्नु भएको छ–

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं – एतं बुद्धान 'सासनं'**

*(धम्मपद पेज ८६, बुद्ध वग्गो, गाथा १८३)*

*अर्थात्*– पाप कार्य नगर्नु, पुण्य (आफ्नो र अरूको भलो सोचेर) कार्य गर्नु र आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो ।

माथि उल्लेखित गाथाले भनिरहेको छ, पाप कार्य नगरेर मात्र पुग्दैन, पुण्य कार्य गरेर मात्र पुग्दैन, सबभन्दा महत्त्वपूर्ण कार्य त आफ्नो मनलाई हरेक क्षण आफैले जाँच्दै यसलाई शुद्ध (छलकपट रहित, निर्दोष) पार्न अति आवश्यक छ ।

बुद्धका यी शिक्षाहरूलाई जन जन समक्ष पुऱ्याउने कार्यमा टेवा पुऱ्याउनका लागि विभिन्न गोष्ठी एवं सम्मेलन मा कार्यान्वयनका लागि प्रस्तुत गरिने सार एवं घोषणाका बुँदाहरू मध्ये फेब्रुअरी १-२, २००१ मा लुम्बिनीमा सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले घोषणा



Downloaded from http://www.dhamma.digital

गरेका १४ बुँदाहरू मध्ये ४ र ५ नं को बुँदालाई यहाँ उल्लेख गर्न उचित देखिन्छ ।

**बुँदा नं ४ :**

Explore the possibilities of introducing the Buddhist education at the school and college levels to inculcate in the minds of the youth the spiritual values and ethical codes of conduct .

**बुँदा नं ५ :**

Deeply feels the need to transmit and disseminate the teaching of Buddha to the Communities and the grass roots for peace of mind, communal harmony and freedom from tensions and insecurities.

*(Proceedings of the international Buddhist Conference Appendix– A (Declaration of the Conference) Page 48*

माथि उल्लेखित घोषणा रूपी बुँदाहरूलाई कागजमा मात्र सीमित नराखी सरकारी ओहोदाबाट प्रभाकारी रूपमा यसलाई कार्यान्वयन गर्न सके वढि भन्दा वढि जनताले बुद्ध शिक्षाबाट फाइदा लिई नैतिक रूपले सभ्य र सफल जीवन निर्वाह गर्ने मौका पाउनेछन् । यसले गर्दा दुर्लभ मनुष्य जीवनको उचित सदुपयोग हुने देखिन्छ ।

भनिन्छ, नहुनु भन्दा थाहा नपाउनु खतरापूर्ण छ।" किनभने हाम्रो तर्फबाट जतिपनि गलतीहरू हुन्छन्, ती मध्ये धेरैजसो खराब कार्य गर्न हुन्न भन्ने ज्ञान थाहा नपाएको कारणले हुने गर्छन् । उदाहरणको लागि नवजात शिशुले आगोले पोल्छ भनी थाहा नपाएको कारणले आफै लाई पोल्ने आगोलाई टल्केको वस्तु सम्भी समात्न पुग्छन् ।

यही कारणले आजको वातावरणमा बुद्ध शिक्षालाई जति सक्यो त्यति जनजन समक्ष पुऱ्याई मानिसहरूलाई सही ज्ञान दिन अत्यावश्यक भइसकेको छ । जसले गर्दा शान्त र निर्विध्न पूर्वक बाँच्न पाउने हरेक प्राणीको नैसर्गिक अधिकारलाई वढि भन्दा वढि मानिसहरूले चिन्न सकुन् । ❖

सन्दर्भ सामाग्री-


१. "बारुदी सुरङ्ग र ओटावा सन्धिको सन्दर्भमा नेपाल" भाग-१, परिचय – पेज २२

२. धम्मपद पेज नं. २९, दण्डवर्ग गाथा नं. १२९

३. धम्मपद पेज नं. ६२, दण्डवर्ग गाथा १३७, १३८, १३९, १४० ।

४. धम्मपद पेज नं. ८६ बुद्धवर्ग गाथा १८३

५. Proceedings of the international Buddhist Conference Appendix-A Declaration of the Conference Page - 48


**धर्मप्रचार समाचार**

## एकदिने विपश्यना ध्यान शिविर सम्पन्न

*२०७० मंसीर १५ गते शनिबार*

*स्थान- अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र संखमूल ।*

नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण जयन्तिको उपलक्ष्यमा विभिन्न रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य अनुरूप यसदिन प्रव्रजित गुरूमांहरूको लागि एकदिन ध्यान शिविर संचालन गरिएको थियो । अग्गञाणी गुरूमांको संयोजकत्वमा संचालित उक्त शिविरमा ४७ जना प्रव्रजित गुरूमांहरू सहभागी हुनु भएका थिए ।

संघ उपनायक भिक्षु ञाणपूर्णिक महास्थविरले विपश्यना ध्यान विषयमा निर्देशन एवं धर्मदेशना गर्नु भएको थियो भने भिक्षु बोधिज्ञानले पनि विपश्यना ध्यानको महत्व विषयमा ओवाद दिनुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# उच्चस्थ अनुगामिक सम्पत्ति

✍ **पूर्णमान महर्जन**

मानिसमा विभिन्न इच्छा अभिलाषाहरू हुन्छन् । धन सम्पत्तिमा समृद्ध र सम्पन्न हुनु सबैमा हुने प्रमुख अभिलापा हो । मानिसको यस प्रकारको अभिलापा र स्वभावले राम्रो, नराम्रै, योग्य अयोग्य, उचित अनुचित, कुशल अकुशल नसोची धन प्राप्तिको लागि जे जस्ता कार्य गर्न पनि तम्सिन्छन् । जीवन नै धन हो, धन नै जीवन हो भन्ने कुराको चिन्तन मनन गरी धन सम्पत्ति थुपार्न लालायित हुन्छन् ।

जीवनको लागि धन सम्पत्ति नभई हुँदैन । यो बाँच्नको लागि एउटा आधार हो, तर यो नै सबै होइन । यो नै साध्य हो इन । जीवन भन्नाले जन्म र मृत्युबीचको समय अवस्था मात्र होइन । यो जन्म नै पहिलो र अन्तिम जन्म होइन । जन्म, जरा, व्याधि र मरणबाट मुक्त नभएसम्म, भवसागरको चक्रबाट पार नभएसम्म र भगवान बुद्धले देखाउनु भएको निर्वाणको गन्तव्यमा पुग्न नसकेसम्म संसार प्रवाहमय भए जस्तै चेतना मृत्युपछि पनि अटुट र निरन्तर रूपमा प्रवाहित भई पुनर्भव (पुनर्जन्म) हुने गर्दछ । चेतना जस्तै भौतिक सम्पत्ति एउटा जीवनमा प्रवाहित हुने पनि होइन । मृत्यु नभएसम्मका लागि मात्र हुने सम्पत्ति हो । कसै ले पनि जन्मौं जन्म निजी बनाउन मिल्ने सम्पत्ति होइन । आगो, पानी, चोर, डाँका एवं आफ्नो कारणले विनाश हुनसक्ने सम्पत्ति हो । मरणपछि मलमूत्र त्याग गरे जस्तै छाडेर जानुपर्ने सम्पत्ति हो । यसैले यो शाश्वत होइन, स्थायी होइन र नित्य पनि होइन, स्थायी होइन र नित्य पनि होइन । हामी जसरी आएका छौं, त्यसरी नै जानुपर्ने भएकोले भौतिक सम्पत्ति भनेको **"अस्सको लोको सब्बं पहाय गमनीयो"** हो । अर्थात् संसारमा जति सम्पत्ति छ, त्यो सबै आफ्नो होइन । सबै छाडेर जानुपर्ने सम्पत्ति हो । मानिसले पहिले देखि नै बाहिर देखिने चीजवस्तुलाई आफ्नो आधार मान्ने गरेको पाईन्छ । यसरी बाहिरको सम्पत्तिलाई नित्य सम्झेर त्यही सम्पत्ति जोड्न, समाजमा प्रतिष्ठित हुन दौडधूप र होडबाजी भइरहेको पाईन्छ । क्षणिक रूपमा हुने सुखको अनुभवलाई सबै यही हो भनी सम्झेर सम्पत्तिलाई आफ्नो जीवनभन्दा बढी प्राथमिकतामा राखेर आफूले आफैलाई अशान्त र दुःखको चक्रमा अग्रसर बनाईराखेको हुन्छ ।

सम्पत्ति फरक फरक प्रकारका छन् । जुन सम्पत्ति आफू जहाँ गएपनि त्यही छाडेर जानुपर्दछ या स्थीर रहन्छ, त्यस सम्पत्तिलाई स्थावर सम्पत्ति भनिन्छ । भवन, जग्गा जमीन एकै स्थानमा रहीरहने स्थावर सम्पत्ति हुन् । तर जुन सम्पत्तिलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न या लग्न सकिन्छ, त्यस्ता नगद, गर-गहना, उपभोग्य/परिभोग्य वस्तुहरूलाई जंगम सम्पत्ति भनिन्छ । आफूले सिकेका शिल्प विद्या आदि आफू जहाँ गएपनि शारीरिक अंग जस्तै सँगै आउने सम्पत्तिलाई अङ्कसम सम्पत्ति भनिन्छ । यी सबै सम्पत्तिहरू आफू जीवित रहुन्जेलसम्म मात्र उपभोग प्रयोग गर्न सकिने सम्पत्तिहरू हुन् । मृत्युपछि पनि सँगै लिएर जान मिल्ने सम्पत्ति होइनन् । घाम प्रकाशमा बन्ने छायाँ जस्तै एक जन्मपछि अर्कोमा अविरल एवं अविछिन्न रूपमा पछिपछि आउने सम्पत्ति अनुगामिक सम्पत्ति हो । दानादि, शिलादि कुशल कर्म, स्मृतिप्रस्थान भावना (ध्यान) अनुगामिक सम्पत्ति हुन् । दानादि कुशल कर्म शिलादि कुशल कर्म आदि साधारण अनुगामिक सम्पत्ति हुन् भने स्मृतिप्रस्थान भावना/ध्यानलाई उच्चस्थ अनागामिक सम्पत्तिको रूपमा लिइन्छ । महाकारूणिक शास्ताको अनुसार यो मनुष्यको कल्याणको लागि नभई नहुने सम्पत्ति हो । यो त्यस्तो सम्पत्ति हो जसले जन्म,जरा ब्याधि मरणको अनन्त दुःखमय भवसागरको चक्रलाई छोट्याउन सहयोग गर्दछ, अनि यो सम्पत्ति हो जसले क्लेश र दुःखलाई मुक्त पारेर परम सुख निर्वाण सम्पत्ति, प्राप्त गर्न मद्दत पुऱ्याउँदछ ।

ध्यान सत्यसँग बाँच्ने अभ्यास हो । यसमा भूतकाल अथवा भविष्यको कुनै कल्पना हुदैन । जुन सत्य छ, जस्तो छ, ठीक त्यसको स्वभावलाई हेर्नु ध्यान हो । यो सम्यक दर्शन हो, आत्म निरीक्षण हो, आत्म परिक्षण हो । चित्तलाई शुद्धगर्ने धर्म गंगा हो । दुःख निरोधगामिनी प्रतिपदा हो । यसलाई आजभन्दा २५०० वर्ष पहिले भगवान बुद्धले आफ्नो अनुभूतिको आधारमा सम्पूर्ण मानवको कल्याणको लागि सर्वसुलभ बनाउनु भयो । भौतिक सम्पत्ति जोड्नलाई जति हामी उत्साहित भएर होडबाजि गर्दछौं, जन्म-जन्मान्तर छायाँसमान पछि पछि लाग्ने त्यस सर्वसुलभ सम्पत्ति संचय र संग्रहगर्न अग्रसर हुँदैनौं । अहिले होइन पछि, यस वर्ष होइन अर्को वर्ष, हाम्रो उमेर भएको छैन, घरायसी झैं झमेला आफ्नो छोराछोरी मात्र नभइ नातीपनाती सबै हुर्किसकेपछि भन्दाभन्दै जीवनले नेटो काट्न लाग्दा पनि त्यो अधिक महत्त्वपूर्ण सम्पत्ति आर्जन गर्न ध्यान जाँदैन । वास्तवमा दुःखको भवचक्रमा रूमल्लीरहनु पर्ने जीवनमा उच्चस्थ अनुगामिक सम्पत्तिको महत्वलाई बुझ्न नसकेको कारणले सो सम्पत्ति आर्जन गर्ने कार्यबाट पछि परेको हुन् । दूर रहन पुगेका हुन् । त्यसैले भगवान बुद्धको अमृतवचन

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।**
**पटिप्पन्ना पमोक्खन्ति, झायिनो मारवन्धना ॥"**

(तथागतले केवल मार्ग देखाई दिन्छन्, काम त तिमीहरूले नै गर्नुपर्दछ । त्यसोनुरूप आचरण गरी ध्यान मार्गमा लाग्ने ध्यानी मारवन्धनबाट मुक्त हुन्छ ।) लाई आत्मसात् गरेर समय र उमेर छँदै विदर्शनाधुर विपश्यनाधुरका प्रव्रजितहरू जस्तै ध्यानाभ्यासमा लाग्न सकेमा निश्चय पनि जन्म, जरा, व्याधि र मरणबाट मुक्त हुन र निर्वाणको गन्तव्यमा पुग्न टेवा मिल्नेछ । ❖



Downloaded from http://www.dhamma.digital

# नेपाल देशको रीतिथिति बडो भयङ्कर छ[1]

✍ शिशिल चित्रकार

विश्वको गरीवि राष्ट्रहरूको सूचीमा दटिन पुगेको नेपाल भौगोलिक सिमानाको हिसाबले सबै मुलुक भए पनि विभिन्न जात जाती, भेषभुषा, भाषा, प्रचलन संस्कार, कर्मकाण्ड आदिको हिसाबले बिविधताले भरिएको मुलुक भएको नाताले अन्य राष्ट्रमा हुने समस्याहरू भन्दा यहाँको समस्या झन जटिल देखिन्छ र समाधान तर्फ उन्मुख भन्दा कठिन हुँदै गइरहेको आभाष हुन्छ । सायद यही विविधता, भिन्नतानै नेपालको समस्याको मूल कारण त होइन ?

बिगतको नेपालको ईतिहास लिच्छवीकाल-स्वर्णयुग, मल्लकाल - कला/संस्कृतिको विकाशको युग, शाहकाल/राणा काल-एक भाषा, एक धर्म, निंरकुश तानाशाह, प्रजातन्त्र–सबैको लागि समान हक, स्वतन्त्रता को अवस्था देखि हालको गणतन्त्र – संघिय राज्य, धर्म निरपेक्ष आदिको परिवर्तित/परिवर्तन "अनित्य मा नेपाल नेपालीहरूको सामाजिक, आर्थिक, मानसिक शैक्षिक, सांस्कृतिक विकाशमा के कस्तो भूमिका रह्यो ? वास्तवमा विकाशको नाममा विनाशतिर त लम्किरहेका छैनौं – गहण अध्ययन/ विश्लेषणको आवश्यकता छ । देशमा भएका सयौं जात जाति-समाजमा अगुवाहरूवाट, आ-आफ्नो परम्परा, कर्मकाण्ड, साम्प्रदायिक बिधि व्यवहारको दायरा भन्दा बिंहगम दृष्टिकोणबाट सोच्नु आजको अपरीहार्यता हो ।

बिभिन्न सम्प्रदायमा भएका आ-आफ्नै परम्परा, कर्मकाण्ड चलाउने नाम-आ-आफ्नै डम्फु बजाउने प्रवृत्ति, एक आपसमा होच्याउने प्रवृति, जन्म देखि मृत्यु पर्यन्त सम्म तथाकथित धार्मिक कृयाकलापको नाममा गरिने संस्कारहरूवाट सामाजिक/पारिवारिक सद्भाव कायम गरेको छ वा विगार्न भूमिका खेलेको छ ? धन भएकाहरूवाट हुने धनको तमाशा/दुरूपयोगवाट समाजमा अन्य वर्गलाई के कस्तो असर पर्दछ– आर्थिक, मानसिक आदिको प्रभावबाट समस्त रुपमा समाज, राष्ट्रको दुर्गती हुनुमा जिम्मेवार हुन्छ कि हुँदैन ? आदि सोच्नु, मनन गर्नु एक सचेत नागरिकको हैसियतले राष्ट्र प्रतिको कर्तव्य हो कि होइनन् ?

प्रत्येक व्यक्तिको जन्मभूमि राष्ट्र प्रति तथा जन्म दाता– माता पिता प्रति कस्तो दायित्व, कर्तव्य निर्वाह गर्नुपर्ने हो – त्यसको विंहगम खोजीनीति जरुरी भएको अनुभव हुन्छ । प्रत्येक व्यक्तिको माता/पिता र राष्ट्रको गुणप्रति नतमस्तक हुने प्रवृत्ति विकाश नभएसम्म व्यक्ति विकाशको साटो बिनासतिर उन्मुख हुने र त्यसैबाट राष्ट्र पतन हुनुको बिकल्प छैन ।

आज ब्यक्ति, राष्ट्रको बिनाशतिर उन्मुख अवस्थामा सचेत ब्यक्तिहरूले भगवान् गौतम बुद्धको **"पराभव सुत्त"** मननीय गर्न उचित हुन्छ, पराभव सुत्रका केही पंक्तिहरू तल उल्लेख गरिएको छ ।[2]

१) उन्नत मानिस सजिलैसंग चिन्न सकिन्छ । पतन हुने मानिस पनि सजिलै चिन्न सकिन्छ । धर्मप्रेमी ब्यक्तिको उन्नति र लाभ हुन्छ, धर्म द्वेषी भएका पराभव (अवनति) हुन्छ ।

२) जसलाई असत्पुरुष मन पर्दछ । सत्पुरुष मन पर्दैन । फेरि जसले असत्पुरुषहरूको धर्मलाई मन पराउँदछ । त्यो अवनतिको कारण हो ।

३) जसले सामार्थ्य हुँदा हुँदै पनि बृद्ध आमा बुबाको लालन–पालन, पोषण गर्दैन, त्यो अवनतिको कारण हो ।

४) जो ब्यक्ति निन्द्रालु हुन्छ । धेरै ब्यक्तिसंग सम्बन्ध राख्ने हुन्छ । उद्योगी नभएको, अल्छी र क्रोधी हुन्छ, त्यो अवनतिको कारण हो ।

---

१ बौद्ध ऋषी महाप्रज्ञाको आत्मकथाको पहिलो भागमा "यस्तो मानिस पनि भेटें" शिर्षक अन्तर्गत उल्लेखित घटना क्रममा एक पीडित/शोषित व्यक्तिको उद्घोषबाट साभार ।

२ साभार- महापरित्राण नेपाली अर्थ सहित सम्पादक- भिक्षु सुदर्शन, नेपालीमा अनुवाद- भिक्षु सरणंकर (आनन्दकुटी विहार २०६८, प्रथम प्रकाशन)



Downloaded from http://www.dhamma.digital

आज देशको वर्तमान अवस्था व्यक्तिहरूको भूमिका, विभिन्न कर्मकाण्ड–परम्पराहरूको भूमिकाबाट आएको मान्न सकिन्छ कि सकिंदैनन ? लेखको शिर्षक, वाक्य, ब्यक्तिको पीडा, आहटबाट तत्कालिन समाजको यथार्थ चित्रण गर्दै आजको वर्तमान सामाजिक, पारम्परीक सोच कर्मकाण्ड, मानविय, अमानविय अवस्था चित्रण गर्न सक्षम देखिन्छ । (घटनाक्रम हेर्न, बुझ्न हेर्नुहोला – महाप्रज्ञाको आत्मकथा यस्तो मानिस पनि भेटें ।

आजको वर्तमान अवस्था– ब्यक्तिगत स्वार्थयुक्त कर्मकाण्ड, परम्परामा अल्झिरहने हो भने ब्यक्ति स्वयंको र समाज, राष्ट्रको समेत भलाई नहुने स्वतःसिद्ध छ ।

सबै सचेत ब्यक्तिहरूले ब्यक्तिको कर्म, धर्म उत्तर दायित्व बारे गठन अध्ययन गर्नुको विकल्प छैन ।

धम्मपदका केही गाथाहरू यस सन्दर्भमा सान्दर्भिक ठान्दछु ।[३] भगवान् गौतम बुद्धद्वारा देशित धम्मगाथा जे जस्तो अवस्थामा ब्यक्त गर्नु भएतापनि आज ब्यत्तिहरूको कर्म, समाज, राष्ट्रको अवस्थालाई हृदयंगम गरी मनन गर्नु हुनेछ भनी आशा गर्दछु ।

१) **मा पमाद मनुयुञ्जेथ – माकामरतिसन्थवं ।**
**अप्पमत्तो हि झायन्तो – पप्पोति विपुलं सुख ॥**

*अर्थ*- प्रमादी नहोउ, पञ्चकाम गुणमा आशक्त नहुनु । अप्रमादी भएर ध्यान गरेमा ठूलो सुरत प्राप्त हुन्छ ।

*(भाग– २७)*

२) **अत्तनांव कतं पापं – अत्तना सङ्किलिस्सति ।**
**अत्तना अकतं पापं – अत्तनांव बिसुज्झति ।**
**सुद्धी असुद्धी पच्चतं – नाञ्ञो अञ्ञं विसोधय ।**

(गाथा– १६५)

*अर्थ*- आफूले गरेको पापले आफूलाई दुषित पार्ने हो, आफूले गरेको पुण्यले आफैंलाई शुद्ध गर्दछ । शुद्ध हुने र अशुद्ध हुने आफैं हो, कसैले कसैलाई शुद्ध वा अशुद्ध गर्न सक्दैन ।

३) **हीनं धम्मं न सेवेय्य – पमादेन न संवसे ।**
**मिच्छादिट्ठि न सेवेय्य – न सिया लोक वड्ढनो ॥**

*अर्थ*- हीन धर्म ग्रहण नगर्नु, प्रमादी भएर नबस्नु, नभएको, नहुने कुरामा विश्वाश नगर्नु, लोक बढ्ने काम नगर्नु ।

आजको राष्ट्रको अवस्थामा ब्यक्तिको भूमिका हीन धर्म सेवन गर्ने/नगर्ने, मिथ्या दृष्टि राख्ने/नराख्ने, प्रमादी भई पञ्चकाम गुणमा भुलिरहने वा अप्रमादी हुने, आफूले आफैंलाई शुद्ध/अशुद्ध गर्ने/नगर्ने तर्फ केन्द्रित भई कृयाकलाप अगाडि बढाउने तर्फ सजग हुनु त आवश्यक छँदैछ अझ समाज, राष्ट्रको भयंकर भएको रीतिस्थितिलाई अझ थप कष्टकर बनाउँदै लाने वा परिवर्तन गर्ने हो सोच्न समेत सबैको कर्तव्य हो । ❖

३ धम्मपदका गाथा, साभार- भिक्षु अमृतानन्द, धम्मपद

## धर्मप्रचार समाचार

### मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा

*२०७० कार्तिक २४ गते, आइतबार ।*

यसदिन मैत्री बोधिसत्त्व विहारमा आयोजित मासिक बुद्धपूजा कार्यक्रममा कुसुम गुरूमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नु भई धर्मदेशना गर्नु भएको थियो । यसदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो

कार्यक्रममा उपस्थित गुरूमांहरू लगायत उपासकोपासिकाहरूलाई स्व. मणिहर्ष ज्योतिको पुण्यस्मृतिमा उहाँका सुपुत्रहरू पद्मज्योति र रूपज्योति कंसाकार सपरिवारको तर्फवाट जलपानको व्यवस्था मिलाउनु भएको थियो ।

### बुद्ध विहार पनौतीमा कथिन चीवर दान

*२०७० कार्तिक २० गते, बुद्धबार*
*स्थान- पनौती, काभ्रेजिल्ला ।*

भिक्षु रेवतले कीर्ति बुद्ध विहार पनौतीमा वर्षावास पूरा गर्नु भएको उपलक्ष्यमा यसदिन भिक्षु संघलाई कथिन चीवर र अष्टपरिष्कार दान गरिएको समाचार छ । यसरी भिक्षु बोधिसेन महास्थविरले धर्मदेशना गर्नुभएको र भिक्षु राहुलले कार्यक्रम सञ्चालन गर्नुभएको जानकारी समाचारमा उल्लेख गरिएको छ ।





Downloaded from http://www.dhamma.digital

# सच्चा मानिस हुनु छ भने ...

✍ मदन रत्न मानन्धर
*सहप्राध्यापक, त्रिचन्द्र ब.क्याम्पस*

मानिसले मानिसको पहिचान देखाउन आधारभूत रूपमा, अत्यावश्यक रूपमा र अनिवार्य रूपमा पालना गर्नुपर्ने पाँचवटा नैतिक आचारणलाई पञ्चशील भनिएको छ ।

शील = सदाचार, नैतिक आचरण (Moral Conduct, Moral character)

(शरीर र वचनले गर्ने कामबाट अरू कसैलाई हानि नोक्सानी हुन नदिनु, नपुऱ्याउनु, संयमित हुनु)

**१. हिंसा, हत्याबाट अलग रहनुः**

हिसा- अरूलाई कुनै किसिमबाट पीडा दिने वा हानि पुऱ्याउने काम ।

घरेलु हिंसा, निरपराध, व्यक्तिलाई सजांय, यातना, अनावश्यक रूपमा अरूलाई दिइने मानसिक प्रताडना आदिलाई पनि हिंसा कै रूपमा लिइन्छ ।

हत्या –कसैको प्राण हरण गर्नु, मार्नु ।

आफूलाई सानो घाउमात्र हुँदा पनि पीडा, कष्ट महसूस हुन्छ भने अन्यलाई शारीरिक पीडा दिनु, चोटपटक लगाउनु र ज्यानैसमेत लिनुलाई कुनै हालतमा राम्रो काम मानिन्न । यस उसले प्रत्येक राज्यले यस्ता कार्य गर्नेहरूलाई विभिन्न सजांय, दण्डको नियम बनाईएको पाइन्छ । हुँदाहुँदा विभिन्न प्रकारले मृत्युदण्डसम्मको सजाय दिइन्छ । किनकि सबै प्राणीले सुखपूर्वक, शान्तिपूर्वक बाँच्न पाउनु उसको अधिकार हो, त्यसलाई हनन गर्न कदापि पाइन्न ।

तर्क गर्न सकिएला, अनाहकमा कसैले दुःख दियो, पीडा दियो, हिंसा निम्त्यायो भने त्यसको प्रतिकार गर्नुपर्छ । अवश्य हो ! तर त्यसका लागि प्रत्येक देशमा कानून रहेको छ, त्यसको उपचार त्यही कानूनले गर्छ ।

अर्को प्रशन उठ्न सक्छ, मानिसको हकमा त कानून छ भनौं, अन्य प्राणीहरूको हकमा के गर्ने त ? वास्तवमा मानिस जस्तो हिंसात्मक, आक्रामक र खतरनाक प्राणी अरू छैनन् । अन्य प्राणीहरू आफ्नै संसारमा रमाई रहंदा शिकार गर्ने, पक्रेर खोरमा थुन्ने र त्यसैलाई खाने अरू कुनै प्राणी छैनन् मानिस मात्रै हुन् ।

अन्जानमा मार्न पुगेकोमा के हुन्छ त ? प्राणी नै हो भन्ने थाहा नपाइकन, मार्ने इच्छा नगरिकन, मार्ने कामै नगरिकन र प्राणीको मृत्यु नै नहुंदासम्म त्यसलाई हत्या नै भनिन्न । र मुख्यतः मनले चाहेको छ वा छैन चेतनाले काम गरेको छ वा छैन त्यसमा निर्भर हुन्छ । यदि माथिका चारवटै अवस्था परिपूर्ण भएको छ भने कानूनले नदेखेपनि वा दोषी नठहऱ्याए पनि वास्तवमा ऊ हत्याको दोषी अवश्य ठहर्छ, र त्यसको प्रतिफल उसले नभोगी सुखै छैन ।

कसैलाई नमारी मासु पाइन्न भने मासु खानु पनि अपराध हो भन्ने कुरालाई लिएर पनि बेलाबखतमा राम्रै बहस चल्ने गरेको छ । शान्तिनायक गौतम बुद्धका अनुसार मारेको नदेखेको, आफूलाई भनि मारेको भनी नसुनेको वा थाहा नपाएको र आफूलाई नै भनी मारेको त होईन ! भन्ने शंका नलागेको मासु, जसलाई 'त्रिकोटी परिशुद्ध मंस' भनियो, त्यो खांदा कुनै आपत्ति (दोष) नलाग्ने कुरा बताउनुभएको छ । (मज्झिम निकाय, गृहपति वर्ग, जीवक सूत्र) ।

तर उहाँले सतर्क गराउनुहुँदै भन्नुभयो-मासु खानुअघिसम्म मानिसहरूमा तीनवटा मात्रै रोग (भोक, प्यास, र इच्छा अपूर्ति) रहेकोमा मासु खान थालेपछि ९८ प्रकारका रोगहरू देखापरे ।

साथै मासुखान अयोग्य दशप्रकारका प्राणीहरूको लगत पनि दिनुभयो– मान्छे, हात्ति, घोडा, कुकूर, सर्प, सिंह, बाघ, चितुवा, भालु, लकडबग्घा (Hyena) ।

**२. चोरी, ठगीबाट अलग रहनु :**

अर्काको वस्तु उसले नदिईकन आफूखुसी लिनु, जबरजस्ति लिनु, हडप्नु, नदेख्ने गरि लिनु, डकैटी गर्नु सबै चोरी अर्न्तगत पर्दछ भने नापतौलमा ठग्नु, भाउमा ठग्नु, गुणस्तरमा ठगी पैसा बढि लिनु, कालोबजारी गर्नु, कृत्रिम अभाव श्रृजना गरी बढि मोल लिनु, निर्धारित दर रेटभन्दा जथाभावी मनपरि सवारी भाडा असुल्नु आदि ठगी अन्तर्गत पर्दछन् ।

आफ्नो मेहनतको कमाई, आफ्नो सम्पत्ति अरूले सित्तैमा लिन खोजेमा खुसी हुने कोही पनि हुन्नन् । अरूले यस्तो कार्य गरेको आफूलाई मन नपरे जस्तै आफूले गर्दा पनि अरूलाई अवश्यै मन पर्दैन । तसर्थ यस्ता कार्यबाट समाजिक विचलन आउने, सामाजिक सद्भाव बिग्रने र अशान्ति मच्चिने हुनाले यसलाई पनि अनिवार्य नैतिक आचरण भित्र राखेका हुन् भगवान बुद्धले । त्यत्तिमात्रै होइन यस्तो अकृत्य कामको प्रतिफल पनि अवश्यै भोग्नुपर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**३. व्यभिचार, भ्रष्टाचारबाट अलग रहनु :**

हाम्रो शरीरमा पाँचवटा इन्द्रियहरू (Sense Organs) छन्– आँखा, कान, नाक, मुख र छाला (शरीर)। यी इन्द्रियहरू आफूलाई मनपर्ने रूप, शब्द, गन्ध, स्वाद र स्पर्शको अनुभव गर्न असाध्यै लालायित हुन्छन् । अनि यसकै वशमा परेर मानिसले गर्नु नगुर्न काम गर्छन् । स्पर्शको वशमा परेर, स्पर्शको लोभले मानिसले यौन दूराचार, यौन दुर्व्यवहार, यौन शोषण, व्यभिचार, बलात्कार जस्ता अपराध समेत गर्न पुग्छन् । सार्वजनिक स्थानमा, सार्वजनिक यातायातमा यौन हिंसा, यौन उत्पीडन र यौनजन्य हरकत गरेर हैरान पार्ने मानिस कम्ती हुँदैनन् । कारण ऊ आफूले आफूलाई विपरित लिंगीको स्पर्शको चाहनालाई नियन्त्रणनै गर्न नसक्ने हुन्छन्, फलस्वरूप कतिपय ठाऊंमा, अवस्थामा भयानक भयानक झगडा र काटमार समेत हुने गर्दछन् । यी सबै सामाजिक सद्भावमै दाग लाग्ने कामहरू हुन् । तसर्थ यिनलाई अनिवार्य नैतिक आचरण भित्र राखिएको हो । राम्रो हेर्ने, राम्रो सुन्ने, मिठो बास्ना सुंघ्ने र मिठो खाने चाहनाले पनि मानिसलाई पागल बनाउंछन् र अनैतिक काम गरेर भएपनि ती चाहनाहरू पूर्ति गर्न अग्रसर हुन्छन् । भ्रष्टाचार, अत्याचार जस्ता कुकर्म गर्न पनि पछि पर्दैनन् ।

**४. झूठ, असत्य बोल्नबाट अलग रहनु :**

'म अरू सबै सहन सक्छु तर झूठो कुरालाई सहन सक्दिन-यो भनाइ धेरैको सुन्ने गरिन्छ । कारण 'झूठ कसैलाई मन पर्दैन । तर व्यवहारमा उतार्न चाहिं त्यति सजिलो पनि छैन । अलिकति झूठ बोल्दैमा के नै हुन्छ र बिग्रन्छ भन्दै झूठ बोल्नमा अग्रसर हुने मानिस ९९% नै हुन्छन् । याद गर्नुपर्ने कुरा के भने शुरूमा सानो झूठ बोल्ने बानीले गर्दा पछि ठूलो झूठ बोल्न पनि आंट आउँदछ ।

कतिपय मानिसको शिकायत रहेको देखिन्छ कि अलिकति झूठमूठ जानिएन भने समाजमा बस्नै गाह्रो हुन्छ, जागिर खानै सकिन्न, व्यापार गर्न त झनै मुस्किल छ आदि इत्यादि । यहाँनिर बुझ्न नितान्त जरूरी छ कि 'झूठ' कतिबेला 'साच्चैको झूठ' ठहरिन्छ ? त्यस्तो कुरा, जसको कारणले अर्काको धन हानि हुन्छ, शारीरिक रूपमा हानि नोक्सानी हुन्छ र इज्जत, मान, प्रतिष्ठामा हानि हुन्छ भने त्यो कुरा शतप्रतिशत झूठ ठहर्छ चाहे त्यो कुरा ख्यालख्यालमै भनिएको किन नहुन् । र अरूलाई त्यसबाट भएको हानि अनुसारनै उक्त 'झूठ' को प्रतिफल भोग्नुपर्ने हुन्छ ।

अनि एउटा बिर्सनै नहुने कुरा के छ भने एउटा 'झूठ' दबाउनका लागि कैयौं 'झूठ' बोल्नुपर्ने अवस्था आइलाग्दछ । अनि वचनद्वारा गरिने दुष्कर्मको खात नै लाग्दछ । तसर्थ शुरूको 'झूठ' लाई नै त्यागी साँचो बोल्ने आंट देखाएमा कसैको पनि हानि हुँदैन, सबैको कल्याण नै हुन्छ ।

**५. मादक पदार्थको सेवनबाट अलग रहनु :**

'मापसे जाँचलाई कडा पारेपछि सवारी दुर्घटनामा अत्यन्तै कमी आयो-ट्राफिक प्रहरी, नेपाल । भन्नाले मादक पदार्थ सेवन गरी चलाएको सवारीले धेरै नै दुर्घटना गराएको कुरा यो भनाइले देखाउँछ ।

मापसेबाट सवारी दुर्घटना मात्र गराउने होइन अन्य कतिपय दुर्घटना पनि गराएको कुरा सबैका सामु छर्लङ्ग छ । व्यक्तिगत जीवनको दुर्घटना, पारिवारिक दुर्घटना, सामाजिक दुर्घटना, आर्थिक दुर्घटना, राजनैतिक दुर्घटना, साँस्कृतिक दुर्घटना, वातावरणीय दुर्घटना आदि आदि ।

मादक पदार्थ भन्नाले जाँड, रक्सी, बियर, वाइन मात्र होइन लागूपदार्थ जस्तै स्म्याक, चरेश, गाँजा आदि लठ्याउने सबै यसभित्र पर्दछन् । परिवार, समाज, देश अनि अन्तर्राष्ट्रिय क्षेत्रमै विखण्डन ल्याउन सक्ने यस्तो मादक पदार्थ सेवनलाई पनि अनिवार्य नैतिक आचरणभित्र पारी यसलाई निषेध पार्नुभएको छ भगवान बुद्धले ।

कसैले भन्ला घरभित्र, कोठाभित्र, रहने, गरी अलिअलि सेवन गर्दा कसलाई हानि हुन्छ र ? प्रश्न, तर्क नराम्रो देखिन्न, र मापसे गर्नुलाई पापकर्म पनि भनिएको छैन । तर गहिरिएर सोच्दै ल्याउँदा अलिअलि गर्दागर्दै मात्रा बढ्दै जाने एकातिर छ भने मापसेका कारण होशमा नुहुँदा उसले गर्न नसक्ने कुकर्म दुष्कर्म कुनै बाकि रहन्न । हिंसा, हत्या, चोरी, डकैती, व्यभिचार, बलात्कार, झूठ सबै काम ऊबाट सम्पन्न हुन्छ । त सबै कुकर्मका नेता मापसेलाई ठान्दा बेठिक ठहर्ला ? बस्, यस उसले मापसे पनि नैतिक आचरण भित्र अटाउन पुग्यो ।

माथिका सबै कुराहरूबाट यो सिद्ध हुन आउँछ, अरूलाई हानि नोक्सानी पुऱ्याउने र त्यसको प्रतिफल स्वरूप अफैलाई पनि हानि नोक्सानी हुने पाँचवटा नैतिक आचरणलाई जो कोहिले पनि पालना गर्नुपर्ने देखिन्छ । यसैलाई पञ्चशील भनिन्छ जसलाई गृहस्थशील, नित्यशील, आर्यकान्त शील, आर्यधर्म, गरू (गौरव) धर्म र चक्रवर्ति नियम पनि भनिन्छ ।

सन्दर्भ सूची-

१) वज्राचार्य, दुण्ड बहादुर (अनु.सं.) मज्झिम निकाय, पवित्र ब. बज्राचार्य आदि, ल.पु., २०५७

२) वज्राचार्य, प्रकाश, बौद्ध दर्पण, बुद्धजयन्ति समारोह समिति (२५३७), धर्मकीर्ति विहार, काठमाडौं, २०३९

३) ज्ञानपूर्णिक, भिक्षु, (अनु.), ले. ऊ नु (बर्मा) पञ्चशीलया महत्व, बहादुर उपासक तथा उपासक उपासिकापि, सुमंगल विहार, ल.पु., २०३६



Downloaded from http://www.dhamma.digital

# नेपालमा बौद्ध परियत्ति शिक्षाको विकास

✍ मुनीन्द्ररत्न वज्राचार्य

नेपालमा बौद्ध परियत्ति शिक्षाको अध्यापनको शुरुवात भएको पचास वर्ष नाघिसकेको छ । परियत्ति शिक्षा भन्नाले भगवान् बुद्धले आफ्नो जीवनकालमा भिक्षुहरू र गृहस्थीहरूलाई दिनुभएको शिक्षानै परियत्ति शिक्षा भनिन्छ । यो एकपुस्ताबाट अर्को पुस्तामा बुद्धका मौलिक उपदेशहरू विस्तारै विस्तारै सिकाउँदै लगेको शिक्षा हो । भगवान् बुद्धले आफ्नो जीवनकालमा ४५ वर्षसम्म गाउँ गाउँमा नगर नगरमा जनपद जनपदमा निरन्तर धर्म देशना गर्नुभएको थियो । यही धर्मदेशनाको संगालो ८४ हजार धर्मस्कन्ध संग्रह भई परियत्ति शासन, प्रतिपदा शासन र प्रतिवेध शासन भनेर तीनवटा श्रेणीमा विभाजन हुन गयो । परियत्ति शासन अन्तर्गत धर्मको नियमहरूको संगालो हो । धर्मलाई व्यवहारमा ल्याउने शिक्षानै परियत्ति शिक्षा हो । यस्तै परियत्ति शिक्षालाई व्यवहारमा उतार गर्ने व्यवहारिक ज्ञान प्रतिपदा शिक्षा हो । यसरी यी तीन अङ्गहरूको एक आपसमा सम्बन्ध छ । बुद्ध शिक्षा मूल रुपमा नैतिकतामा आधारित भएकोले परियत्ति शिक्षाको महत्व दिनानु दिन बढ्दै गएको छ । नेपालमा बौद्ध धर्मको ज्ञान दिने, आचरण र व्यवहार सिकाउने नेपालको बौद्ध परियत्ति शिक्षाको विकास आजको परिप्रेक्षमा निकै महत्व बढ्दै गएको छ । यसैले यसको ऐतिहासिक महत्व बारे जानकारी राख्नु नितान्त आवश्यक छ ।

नेपालमा थेरवादी बुद्ध धर्मको शुरुवात राणा शासनको समयमा हुन गयो । बि.सं. २००१ सालमा तत्कालिन राणा सरकारले नेपालमा आठ जना भिक्षु श्रामणेरहरूलाई बुद्धधर्म प्रचार प्रसारको आरोप लगाई देश निकाला गरियो । तर पछि भिक्षु अमृतानन्द महास्थविरको विशेष प्रयासले श्रीलंकाका प्रसिद्ध बौद्ध भिक्षु नारद महास्थविरको नेपाल आगमन भई नेपालमा भिक्षुहरूको प्रवेशको लागि ठूलो प्रयास भयो । पछि प्रधानमन्त्री पद्मशमशेरले भिक्षुहरू नेपाल फर्किने अवसर दिइयो । त्यही बेला देखि नेपालमा थेरवादको विकास हुन पुग्यो । नेपालमा थेरवाद भिक्षुहरूको संख्या बढ्दै गयो । यसै सिलसिलामा थेरवादी विहारहरू निर्माण र बुद्धधर्म मान्नेहरूको संख्या पनि निकै बढ्न पुग्यो ।

नेपालमा बुद्धधर्मको प्रचार प्रसार र ज्ञानकालागि सर्वप्रथम भिक्षु बुद्धघोष महास्थविरबाट बि.सं. २०१९ सालमा नुवाकोट जिल्लाको त्रिशुली बजारस्थित सुगतपुर विहारमा परियत्ति शिक्षा शुरुबाट गर्नु भएको थियो । यसका लागि आवश्यक सहयोग सुशीला गुरुमां र उपासक धर्मरत्न शाक्यले निकै सहयोग पुऱ्याउनु भएको थियो । त्यसबेला बुद्धधर्म सम्बन्धी ज्ञान प्राप्त गर्नको लागि भिक्षु, भिक्षुणी र उपासक उपासिकाहरूलाई विदेश धान्नु पर्ने अवस्था थियो । यहाँ कुनै आधिकारिक रुपमा अध्ययनको व्यवस्था थिएन । यो परियत्ति शिक्षा अध्यापन गर्ने व्यवस्थाले बुद्ध धर्मको ज्ञान हासिल गर्न धेरै नै सहयोग हुन गयो । यसको प्राध्यापनको लागि म्यानमार देशको प्रचलित पाठचक्रम हेरी नेपालमा भएका बुद्धधर्म सम्बन्धी पुस्तकहरूको आधारमा कक्षा १ देखि कक्षा ५ सम्मको परीक्षामा व्यवस्थित गर्न तयारी भयो । यसको लागि भिक्षु बुद्धघोष महास्थविरबाट अखिल नेपाल भिक्षु महासंघको अनुमति लिई बि.सं २०२० साल देखि औपचारिक रुपमा विधिवत रुपमा परियत्ति शिक्षाको कक्षा थालनी भयो । विस्तारै विस्तारै जनमानसमा परियत्ति शिक्षाको महत्व बुझ्दै गयो । नेपालमा बौद्ध परियत्ति शिक्षा विभिन्न विहार र स्कूलहरूमा अध्यापन गर्ने व्यवस्था गरियो । शुरु शुरुमा सद्धम्म पालक उपाधिसम्म अध्यापन गरिने नेपाल बौद्ध परियत्ति शिक्षा पछि यसको शिक्षण तथा व्यवस्थापनमा सुदृढिकरण भए पछि यसको अध्याापनमा सद्धम्म कोविद उपाधि सम्मको पढाइ हुन गयो । शील, त्रिरत्न वन्दना, बुद्ध जीवनी, कथा, पालिसूत्र, सामान्य ज्ञान र सामाजिक शिक्षा जस्ता ज्ञान यस परियत्ति शिक्षाको पाठचक्रममा समावेस छन् । यसले देशमा शान्ति नायक भगवान् बुद्धको सन्देश र बौद्ध धर्मको ज्ञानलाई विश्वमा प्रचार प्रसार




Downloaded from http://www.dhamma.digital

गर्नसक्ने जनशक्ति तयार पार्न सक्नेछ ।

नेपालमा परियत्ति शिक्षा बौद्धहरूले मात्र अध्ययन नगरी समस्त धर्मावलम्बी, विभिन्न जातजातिले यसको अध्ययन गर्नमा अभिरुचि राखेका छन् ।

परियत्ति शिक्षाले देशमा नागरिहरूलाई आवश्यक धार्मिक र नैतिक शिक्षा दिनेछ । परियत्ति शिक्षा भित्र मानवजीवनलाई सकारात्मक पक्ष दोराउँदै लैजाने एक धार्मिक शिक्षा अन्तर्गत गृह विनय, गृहस्थि प्रतिपदा जस्ता नैतिक गुणहरूको अध्ययन गराउँछ। आजको युगमा सबै नागरिकहरूलाई यस प्रकारको शिक्षाको जरुरत छ । अचेलको प्राविधिक शिक्षाबाट भौतिक जीवन जीउनको लागि बुद्धिमानी र चलाख बनाइ दिनेछ। तर यसले मानव जीवनमा पाउनु पर्ने अनुशासनको ज्ञान, शील पालना, धर्मकर्मको ज्ञान पाउन सक्दैन । आजकाल मानिसहरू आफ्ना जीवनलाई कसरी सुखमय, आनन्दमय, प्रतिस्पर्धात्मक बनाउने भन्ने पक्षमा नै धैरै केन्द्रित छन् । यसले गर्दा मानिसमा लोभ, पापाचार, अधर्मी हुँदै गएका छन् । यसैले आजका युवा पिंढी, वयस्क, तन्नेरी र प्रौढहरूलाई समेत परियत्ति शिक्षाको अध्ययन जरुरी हुन आएको छ। अझ उच्च ओहोदामा बस्ने प्रशासकीय अधिकारीहरू, प्राविधिज्ञहरूलाई समेत मानव जीवनको महत्व बुझ्न यो परियत्ति शिक्षाको ज्ञान दिलाउन अति नै महत्वपूर्ण छ। यसको अध्ययनले भ्रष्टाचार, अनैतिक काम गर्नबाट बञ्चित हुनेछ। आजको विश्वमा कोलाहल, तनाव, लुटमार, हत्या, हिंसा, भ्रष्टाचार जस्ता अप्रिय घटना हुनु मानिसमा बुद्धि र विवेकको कमीको दुष्परिणाम हो। यसैले मानवजातीमा बुद्ध दर्शनको ज्ञान हासिल गर्नु जरुरी छ । आजकाल विद्यार्थीहरूलाई स्कूलमा नैतिक शिक्षाको पाठ राखिए झैं सबै कक्षाका परियत्ति शिक्षाको पाठ पनि अनिवार्य रुपले राख्नु जरुरी छ। एउटा आर्दश व्यक्ति निर्माणका लागि नैतिक शिक्षा दिने पाठचक्रम समावेश गर्नु आज अपरिहार्य हुन आउँछ।

नेपालमा वर्षेनी परियत्ति शिक्षाको परिक्षा व्यवस्थित र सुसंगठित रुपमा सञ्चालन हुँदै आइरहेको छ। अखिल नेपाल भिक्षु महासंघको नेपाल बौद्ध परियत्ति शिक्षा नियमावली २०५८ स्वीकृत गरी लागू गरिएको छ । उक्त नियमावली अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको संरचना अखिल नेपाल बौद्ध भिक्षु महासंघद्वारा नेपाल अधिराज्यभर यस प्रकारको शिक्षा सञ्चालन गरिँदै आएको छ । यस शिक्षामा प्रारम्भिक तहमा तीन वर्ष, प्रवेश तहमा तीन वर्ष, परियत्ति सद्धम्म पालक तहमा एक वर्ष र परियत्ति कोविद उपाधि तहमा तीन वर्ष जम्मा गरी १० वर्ष सम्म अध्ययन गर्न सकिन्छ। प्रत्येक वर्षमा नेपाल बौद्ध परियत्ति बोर्डले परिक्षा लिने व्यवस्था मिलाइएको छ। बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूले नियमित र प्राइभेट रुपमा परिक्षा दिन सकिनेछ । यही क्रम अनुसार बि.सं. २०६९ सालमा नियमित र प्राइभेट गरी जम्मा ३०२९ जना विद्यार्थीले विभिन्न तहमा परिक्षा दिएका थिए। जसमा २७२३ जना उत्तिर्ण भएका छन् । यसबाट भन्न सकिन्छ नेपालमा बौद्ध परियत्ति शिक्षाको महत्त्व बढ्दै गएको छ। अधिकांश युवा युवतीहरू यसको अध्ययन गर्नमा धेरै अभिरुची देखाइएको पाइन्छ ।

नेपालमा बौद्ध परियत्ति शिक्षाको विकासलाई हृदङ्गम गरी यस वर्ष बि.सं. २०७० साल आषाढ १ गते स्वर्ण जयन्ति यस परियत्ति शिक्षा थालनी भएको स्थान नुवाकोट जिल्लाको त्रिशुलीमा रहेको सुगतपुर बौद्ध विहारमा विविध कार्यक्रम गरी सुसम्पन्न हुन गयो । तर बिडम्बनाको कुरा आज यसले पचास वर्ष नाघी स्वर्ण जयन्ति मनाइसक्यो तर आजसम्म नेपाल सरकारले यसको महत्त्वलाई सरोकार राख्न सकेको छैन । यस परियत्ति शिक्षा सञ्चालनको लागि न त बैदेशिक सहायत छ न त नेपाल सरकारको आर्थिक अनुदान नै छ। यसको सञ्चालनमा अखिल नेपाल भिक्षु महासंघ र अन्य श्रद्धालु भक्तजनहरूको अथक प्रयास र जनसहयोगले सञ्चालन हुँदैछ। बुद्ध जन्म भएको देश भनि विश्वमा बुलन्द आवाज राख्ने गरिन्छ तर बुद्धधर्म र बुद्ध शिक्षाको विकासमा भने सरकार संधै उदासीन रहेको छ । वास्तवमा कुशल चित्त मात्र लिनु पर्दछ यसको निरन्तर विकास गर्नमा समस्त बौद्धहरू स्वभावत लागी परेका छन् । नेपाल जस्तो बुद्धभूमिमा बौद्ध परियत्ति शिक्षालाई निरन्तरता दिनै पर्दछ। ❖



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार



## पुनर्जन्म र बुद्ध धर्म

*२०७० कार्तिक २३ गते, शनिवार*
*प्रवक्ता- त्रिरत्न मानन्धर*
*प्रस्तुती- राज भाई तुलाधर*

पुनर्जन्म एउटा विवादित विषय हो। मानिस अथवा कुनै पनि प्राणीको जन्म पछि एउटै मात्र निश्चित कुरा मृत्यु हो । तर मृत्युपछि के हुन्छ भन्ने कुरा एकिनका साथ कसैले भन्न सक्तैन । भौतिकवादीहरू भन्छन् मृत्यु व्यक्तिको सम्पूर्ण रूपमा अन्त्य हो फेरि पुनर्जन्म हुन्छ भन्नु अन्धविश्वास मात्र हो । तर सवैजसो धर्महरूले मृत्युपछि पनि मानिसको अस्तित्व कायम हुने कुरालाई स्वीकारेको देखिन्छ। Judaism, Christianity र Islam धर्महरूमा के भनिएको छ भने यदि मानिसले ईश्वरप्रति विश्वास गरी प्रार्थना गर्ने गरे मृत्यु पछि न्याय गरिने बेला उसलाई नरकमा पठाइने छैन स्वर्गमा नै पठाइने छ। हिन्दु धर्मले मानिस भित्र रहेको आत्मा अजर, अमर, नित्य, ध्रुव र शास्वत हुन्छ, यसको कहिल्यै नाश हुंदैन भन्छ। मानिसले पुरानो लुगा फालेर नयाँ लुगा लगाएको जस्तै मृत्युपछि आत्माले एउटा देहलाई छोडेर अर्को देह धारण गर्दछ अर्थात पुनर्जन्म हुन्छ ।

बुद्धधर्मले पनि पुनर्भव अथवा पुनर्जन्मलाई स्वीकारेको छ तर यसमा आत्माको अवधारणा छैन । जीवन नाम अर्थात् चित्त र रूप अर्थात् भौतिक शरीरको समिश्रण भएर यसभित्र रहेको अणु परमाणुहरू निरन्तर रूपमा उत्पन्न र नष्ट हुँदै चलिरहने प्रवाह हो। यसमा म अथवा मेरो भन्ने कुनै सार तत्व छैन, त्यसैले अनात्म (आफ्नो नभएको) हो । बुद्धले जुन अर्थमा अनात्म भन्नु भयो त्यो हिन्दु धर्म अनुसार भनिएको आत्मासंग संबन्धित छैन। परमार्थ रूपमा हेर्ने हो भने नाम र रूपको संक्रमित अवस्थामा प्रतिक्षण जन्म प्रतिक्षण मृत्यु भइरहेको हुन्छ । एक क्षण अगाडिको व्यक्ति अर्को क्षणमा अर्कै भइसकेको हुन्छ तर यो परिवर्तन यती सीघ्र हुन्छ कि यसलाई हामीले अनुभव गर्न सक्तैनौं ।

कुनै व्यक्ति नदी भित्र गएर नुहाएर आउँछ भने यो कुरा त सजिलै थाहा पाउन सकिन्छ कि भित्र पस्दा र बाहिर निस्कंदा त्यही पानी होइन । तर यो चाल पाउँदैन कि भित्र पसेको व्यक्ति बाहिर निस्कंदा उ पनि अर्कै भइसकेको हुन्छ। तर उसलाई पुरै अर्कै पनि भन्न मिल्दैन किनभने पहिलाको स्कन्धको आधारमा नै उसको वर्तमान स्कन्ध निर्मित भएको हुन्छ। मृत्युको समयमा रूपस्कन्धको प्रवाह निरूद्ध हुन्छ। तर नामस्कन्धको प्रवाह निरूद्ध हुँदैन, अर्को रूपस्कन्धसंग जोडिन जान्छ र फेरि जन्म हुन्छ। यस जीवनको अन्तिम चित्तलाई च्युति चित्त र अर्को जन्मको पहिलो चित्तलाई प्रतिसन्धि चित्त भनिन्छ। व्यक्तिले जीवनभर गरेको सत्कर्म अथवा दुष्कर्म अनुसार उसको च्युति चित्त प्रभावित हुन्छ। च्युति चित्त राम्रो भए सद्गतिमा जान्छ, नराम्रो भए दुर्गतिमा जान्छ । बुद्धधर्म अनुसार मृत्युपछि सत्वप्राणीको कर्म अनुसार छ वटा मध्य एउटा गतिमा पुनर्जन्म हुन्छ । अर्हत भइसकेको व्यक्ति मात्रै फेरि कुनै पनि लोकमा उत्पन्न हुँदैन ।

बुद्धत्व प्राप्त गरेपछि भगवान बुद्धको पहिलो उद्गार थियो "अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं..." । वहाँले भन्नु भयो संसारमा अनेकौं पल्ट जन्म लिएं, प्रत्येक जन्ममा निरन्तर रूपमा मृत्युतिर नै दौडिरहें । यदि बुद्धको यो प्रथम उद्गारलाई वहाँ कै हो कि होइन भनी शंका नगर्ने हो भने पुनर्जन्म हुन्छ भन्ने मान्यतालाई नकार्नु पर्ने कुनै कारण छैन। बौद्ध ग्रन्थमा ५५५ वटा जातक कथाहरू छन् जसमा बुद्धले विभिन्न प्रसंगमा आफ्नो साथसाथै अरूको समेत पूर्वजन्मको कुराहरू उल्लेख गर्नु भएको छ। जातक कथाहरू कतिको अधिकारिक हुन् भन्ने कुरा आफ्नै ठाउँमा होला तर यसबाट पनि पुनर्जन्म हुन्छ भन्ने मान्यता राख्नेहरूलाई शंकारहित बन्न मद्दत मिल्छ । आधुनिक समयमा पनि धेरै जनाको पुनर्जन्म संबन्धमा खोज गरेका छन् । Steven भन्ने एकजना खोजकर्ताले सयौं Case Study हरू गर्नु भएको थियो। पुर्वजन्मको कुराहरू संझन सक्ने



Downloaded from http://www.dhamma.digital

वच्चाहरूले भनेको बयान अनुसार खोजी गर्दा वहाँले धेरै Case मा सत्यता पाउनु भएको थियो । यसरी धार्मिक ग्रन्थहरूको आधार र आधुनिक खोजको आधारमा पनि पुनर्जन्म छँदै छैन भनेर भन्न सकिंदैन ।

पुनर्जन्मकै कुरा गर्दा अर्को एउटा बहस के पनि गर्न सकिन्छ भने हामीले देख्न सक्छौं कि एउटै आमाबाबुका सन्तानहरू बच्चै वेलादेखि उत्तिकै माया दिएर एउटै वातावरणमा हुर्काइएको भए पनि उनीहरू एकदम विपरित प्रकृतिको हुन सक्छ । एउटा विद्वान भए अर्को मूर्ख हुन सक्छ, एउटा अत्यन्त धार्मिक भए अर्को धेरै पापी हुन सक्छ, एउटाको रूची शान्तिमा भए अर्कोको रूची युद्धमा हुन सक्छ । यस्तो किन भयो भन्दा कित त विना कारण अचानक नै भएको हुनु पर्‍यो कि जन्मेको वच्चाले जन्मंदा खेरि नै केही लिएर आएको हुनुपर्‍यो । बुद्ध धर्म अनुसार विनाकारण केही पनि हुंदैन । त्यसैले बच्चाले निश्चय नै पुर्व संचित संस्कार बोकेर आएको हुनपर्छ जसले उसको वर्तमान जीवनलाई प्रभाव पार्दैछ । यो तर्कबाट भन्न सकिन्छ कि जन्मेको बालकको पुर्वजन्म थियो यदि पुर्वजन्म थियो भने पुनर्जन्म पनि निश्चय नै हुने भयो ।

मननयोग्य कुरा के छ भने भगवान बुद्धले जुन बोधिज्ञान प्राप्त गर्नु भयो त्यसको प्रमुख उद्देश्य नै जन्म मरणको दुःखचक्र अथवा भवचक्रबाट छुट्कारा पाउनु थियो । एउटै मात्र जन्म हुने भएको भए दुःख चक्रबाट छुट्कारा पाउनु थियो । एउटै मात्र जन्म हुने भएको भए दुःखचक्रबाट छुट्कारा पाउन प्रयास गरीरहनुको कुनै अर्थ छैन किनभने मृत्युपछि व्यक्तिको अन्त भइ हाल्छ । बुद्धधर्म मान्ने तर पुनर्जन्मलाई नमान्ने हो भने निर्वाण प्राप्त गर्न आर्य अष्टांगिक मार्गलाई अनुशरण गर्नु परेन । तर यसो भन्दैमा पुनर्जन्म नमान्नेहरूले बुद्धधर्म मान्नु नै हुँदैन भन्ने चाहीं पक्कै होइन । बुद्धले दिनुभएको उपदेशले यही जीवन सुख शान्ति पुर्वक जीउन सघाउँछ । धर्म यदि साँच्चिक्कै धर्म हो भने यसले दिने फल अकालिको हुन्छ अर्थात् यसले तुरून्तै फल दिन्छ ।

पुर्वजन्म अथवा पुनर्जन्मको अहिले सम्म कुनै बैज्ञानिक प्रमाण जुटाउन सकेको छैन । त्यसैले कसैले यसमा विश्वास गर्दैन भने तर्क वितर्क गरेर उसलाई विश्वास दिलाउन सकिंदैन । तर यहाँनिर एकजना भन्तेले भन्नु भएको कुरा विचारणीय छ । वहाँले के भन्नु भएको थियो भने यदि बाटोमा कहीं बिजुलीको नांगो तार गइरहेको देखियो भने त्यसमा करेन्छ हुन पनि सक्छ नहुन पनि सक्छ । तर त्यसमा करेन्ट छ भनेर मान्यो भने हामी शतप्रतिशत सुरक्षित हुन्छौं, छैन भनेर छुन गयो भने पचास प्रतिशत मात्रै सुरक्षित भइन्छ । त्यस्तै पुनर्जन्म भए पनि नभए पनि हुन्छ भनेर मान्यो भने मानिसहरू दुष्कर्म गर्नबाट पछि हट्छन् र समाजमा सुख शान्ति बनाइराख्न मद्दत मिल्छ ।

## ककचूपम सुत्त (मज्झिम निकाय)

*२०७० कार्तिक ९ गते*

*स्थान- धर्मकीर्ति विहार*

यसदिन इन्दावती गुरूमांले मज्भिम निकाय अन्तर गत ककचूपमा सुत्त विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– “ककचूपम सुत्त भगवान बुद्धले श्रावस्ती स्थित जेतवना राममा मौलिय भिक्षुको कारणमा बताउनु भएको हो ।

हामीले शरीर, वचन र मनबाट गरी जम्मा १० प्रकारका अकुशल कर्महरू रोप्न पुग्छौं । ती यसरी छन् –

**शरीरबाट**– प्राणीहिंसा, चोरी र व्यभिचार

**वचनबाट**– असत्यकुरा, कडावचन, चुक्ली र काम नलाग्ने, वेकारका कुराहरू गर्नु ।

**मनबाट**– लोभ गर्नु, द्वेष (रीस) गर्नु र मिथ्या दृष्टिमा पर्नु ।

*प्रवचनको क्रममा इन्द्रावती गुरूमांले भन्नुभयो –*

सुभाषित कुरा गर्नु मंगल हो ।

*सुभाषित वचन ४ प्रकारका छन्–*

(१) प्रियवचन (२) सत्यवचन (३) मीठो वचन

(४) धर्म सम्वन्धी वचन

*कुरा गर्ने तरिका पनि यसरी ५ प्रकारका छन्–*

(१) सामयिक र असामयिक (२) यथार्थ र यथार्थ नभएको

(३) स्नेहपूर्वक र कठोर पूर्वक (४) सार्थक वा निरर्थक

(५) मैत्रीपूर्वक वा द्वेषपूर्वक

यसदिन मिनरवती तुलाधरले रिपोर्टिङ्ग गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार पाखें न्हापांगु चीन भ्रमण

*प्रस्तुती- केशावती गुरुमां*

थ्व हे वंगु कार्तिक २१ गते निसें मंसीर २ गते तक वस्पोल गुरु धम्मवती गुरुमांया अनुमति कयाः जी (केशावती गुरुमां), धम्मविजय गुरुमां व उद्योगरत्न तुलाधरया नेतृत्वय् धर्मकीर्ति विहार पाखें न्हापांगु चीन देश भ्रमण यंकागु जुल । जिपिं सकले वनापिं नीनिम्ह २२ दु ।

जिपिं सकले न्हयाइपुक चीन देश भ्रमण यानागु थाय् थुकथं खः–

**Guangzhou -** Yuexin Park, shamian is land chen Ancestral shrine, Qingping Market, Dr. Sun Yatsen Memorial Hall, Temple of the six Banyan Trees,

**Wuxi -** Xihui park, jichang Garden, Liyuan Garden, Three king doms Flim city, Lingshan Buddha Yuyuan Garden, jade Buddha temple, Nanijing Road, the Qund, take a Huangpu River cruise at right.

**Shanghai -** jin Mao Tower, Urban Planning Exhibition Hall. Silk Shop, Xin Tuan Di, people's square.

**Beijing -** Mutianyu Great wall, Ming tombs, Visit Pearl shop, tea shop, souvinier shopping, Market Place.

Tianamen square Temple of Heaven, Forbidden city stupa, Temple built by Araniko.

च्वय् गुलिनं उल्लेखित थासे जिपिं सकलें न्हयाईपुक सुयातं छुं भय मवय्क गथे वना अथे हे थःगु मां देश लिहाँ वय् खनाः तसकं लयताः वल ।

चीन देश धैगु तसकं विकसित देश खः । संसारे दक्को सिवे तःधिकःम्ह ८८ फूट दुम्ह भगवान बुद्ध स्वय् दयाः तसकं हर्ष । अथेहे अन नापंतुं पलेस्वां नं उत्पन्न जुइगु स्वय्खनाः झन हे खुसि जुल । उकिं चीन देश धैगु छकः चाहिउ वने योग्यगु देश खः ।

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
*बि.सं. १९८९ माघ ५ गते,*
*शुक्रवार*

*दिवंगत :*
*बि.सं. २०७० मंसिर ५ गते,*
*बुधवार*

## दि. धर्मदेवी तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य एवं समय–समयमा
धर्मकीर्ति पत्रिकालाई सश्रद्धा चन्दा सहयोग प्रदान गर्दै पुण्य सञ्चय गरिरहनु भएकी उपासिका
**धर्मदेवी तुलाधर**को असामयिक निधन भएको छ ।
यस दुःखद घडीमा उहाँका सपरिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन्
भनी कामना गर्दै दिवंगत **धर्मदेवी तुलाधर**लाई मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

## कठिनोत्सव

*२०७० मंसीर १ गते*
*स्थान- नगदेश, ठिमी ।*

नगदेश बौद्ध समूहको “रजत वर्ष” को उपलक्ष्यमा श्रद्धेय भिक्षु राहुलले नगदेश बुद्ध विहारमा प्रथम वर्षावास सम्पन्न गर्नु भएको कारण भिक्षुसंघलाई कठिन चीवर र अष्टपरिष्कार दान गरी कठिनोत्सव कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

उक्त कार्यक्रममा भिक्षु भद्दियले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने भिक्षु कोलितले धर्मदेशना गर्नुभएको थियो । कृष्ण कुमार प्रजापतिले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रमको अन्त्यमा भिक्षु धर्ममूर्तिले पुण्यानुमोदन गराउनु भएको थियो । प्राप्त समाचार अनुसार जम्मा १२२ जना भन्ते गुरुमांहरू सरीक हुनु भएको उक्त कार्यक्रममा दान प्रदान कार्य पश्चात् भन्ते गुरूमांहरूलाई भोजन दान अर्पण पछि उपस्थित उपासकोपासिकाहरूलाई पनि भोजनको व्यवस्था मिलाइएको थियो ।

## अभिनन्दन सम्मान कार्यक्रम सम्पन्न




*सम्मानित व्यक्तित्त्वहरूका बिच “संघनायक भिक्षु अश्वघोष महास्थविर”*

*२०७० मंसीर १३ गते, विहीवार ।*
*स्थान- गणमहाविहार ।*

ऐतिहासिक गण महाविहारका प्रमुख श्रद्धेय भिक्षु सोभित महास्थविरको ३२ सौं प्रव्रज्या दिवसको उपलक्ष्यमा अभिनन्दन तथा सम्मान कार्यक्रम २०७० सम्पन्न गरिएको समाचार छ ।

उक्त कार्यक्रममा नेपालको थेरवादी बुद्ध धर्म प्रचार प्रसार, उत्थान तथा संरक्षण गर्न आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुहुने पूजनीय डा. भिक्षु धम्मपाल महास्थविर र प्रव्रजित गुरूमां विजिताको योगदान कदर गर्दै उहाँहरूलाई अभिनन्दन गरिएको थियो ।

यसरी नै श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय भिक्षु मैत्री महास्थविरलाई गुरू पूजा पनि गरिएको उक्त कार्यक्रममा संचारको माध्यमबाट बुद्ध धर्मको उत्थान तथा संरक्षण गर्न योगदान पुऱ्याउनु हुने व्यक्तिहरूलाई सम्मान पनि गरिएको थियो ।


प्राप्त समाचार अनुसार सम्मानित व्यक्तित्त्वहरूको नाम यसरी उल्लेख गरिएका छन् ।

(१) श्री चेतबहादुर सिंह (२) श्रीमती इन्द्रिरा मानन्धर
(३) श्री नातीकाजी महर्जन (४) श्री सुरेश किरण मानन्धर
(५) श्री आनन्दराम डंगोल (६) श्री समिर जोशी

धर्म विजय पदनम गण महाविहारको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा वीर अस्पतालका विर मीहरूलाई विस्कुट तथा फलफुल वितरण गरिएको थियो भने नेपाल आदर्श मा. विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री पनि वितरण गरिएको थियो ।

Downloaded from http://www.dhamma.digital

# चुन गाने नाङ्कि थोङसाल लिङ्ग गुम्बा भ्रमण



*शिवपुरी डाँडास्थित नाङ्कि गुम्बा*

*२०७० मंसीर २० गते, विहीवार*

यसदिन धर्मकीर्ति विहारबाट दुई बस भरि उपासकोपासिकाहरूले शिवपुरी डाँडास्थित नाङ्कि गुम्बाको भ्रमण गर्नुभएको थियो । धर्मकीर्ति विहारको आयोजनामा सञ्चालित उक्त गुम्बा भ्रमण कार्यक्रममा धर्मकीर्ति विहारका पूर्णहेरा पुचःले भ्रमणमा भाग लिनुभएका धर्मकीर्ति विहारका गुरुमांहरू लगायत नाङकी गुम्बाका आनीहरूलाई भोजन दान गर्नुभएको थियो । यसरी नै नाङकी गुम्बाका आनीहरूले पनि मैत्रीपूर्वक पूजापाठ गर्नु भएका थिए ।

# पुनःनिर्मित धर्मकीर्ति विहारको जन्मोत्सव सम्पन्न

*२०७० मंसीर १७ गते, सोमवार औंसी*

पुनःनिर्मित धर्मकीर्ति विहार विहारले ११ वर्ष पूरा गरेको शुभ उपलक्ष्यमा दाता द्रव्यमान सिंह, वसुन्धरा तुलाधर सपरिवारको तर्फबाट यसदिन विहारको जन्मो त्सवको उपलक्ष्यमा भिक्षु भिक्षुणीसंघलाई जलपान र भोजन दान एवम् दान प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको छ । यसदिन औंसीको उपलक्ष्यमा सञ्चालित बुद्ध पूजा कार्यक्रममा उपस्थित हुनुभएका सबैलाई दातापरिवारले जलपान दान गर्नुभएको थियो ।

# एकदिने मैत्री सूत्रपाठ सम्पन्न

*२०७० मंसीर १७ गते, सोमवार औंसी*
*स्थान- निर्वाणमूर्ति विहार, किण्डोल*

यसदिन निर्वाणमूर्ति किण्डोल विहारको आयो जनामा (एकदिने) २०७० मंसीर १७ गते विहान ५ बजे देखि दिउँसो ४ बजेसम्म प्रव्रजित गुरुमांहरूको तर्फबाट निरन्तर मैत्री सूत्र पाठ गरिएको थियो । दिवंगत हुनुभएका समस्त प्राणीहरूको पुण्य स्मृतिमा हरेक वर्ष यसरी नै उक्त विहारमा मैत्री सूत्र पाठ गर्दै आएको छ ।

थुप्रै श्रद्धालु उपासकोपासिकाहरूले भाग लिएको उक्त कार्यक्रममा उपस्थित सबैलाई जलपान र भोजनको व्यवस्था पनि मिलाइएको थियो ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



चीनको "उसी"मा निर्मित ८८ फूट अग्लो बुद्ध प्रतिमा र
बुद्ध दर्शन गर्न पुगेका धर्मकीर्ति विहारका तीर्थयात्रीहरू

वर्ष-३१; अङ्क-८ बु.सं. २५५७, योमरी पुन्हि

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति ज्ञानमाला भजन

# वासलात

### वि.सं. २०७० साल आषाढ ३१ गतेको

| दायित्व रुपियाँमा | | सम्पत्ति रुपियाँमा | |
|---|---|---|---|
| गतवर्षको संचित कोष | ५०५०८८/०० | वज्र व.ड.सं.ल. वचत खाता | ११००७/७५ |
| कट्टीयस वर्षकोघाटा | ८०३३६/३० | वज्र व.ड.सं.ल. मुद्दती खाता | २०००००/० |
| | | कुवेर म.फा.लि. वचत खाता | २९४७/६ |
| **जम्मा –** | **४२४७५१/७०** | कुवेर म.फा.लि. मुद्दती खाता | ३००००/०० |
| | | इलाइट वचत खाता | ५९५३/२ |
| दिनबाँकी प्रेमलक्ष्मी | २१५४८/०० | इलाइट मुद्दति | २०००००/० |
| | | शुमगणपति व.ऋ.स.सं. वचत खाता | ६३९१.०० |
| **जम्मा –** | **४७६२९९/७०** | **जम्मा –** | **४७६२९९/७** |

## धर्मकीर्ति ज्ञानमाला भजन

# नाफा नोक्सान हिसाब

### वि.सं. २०६९ श्रावण १ देखि २०७० आषाढ ३१ गते सम्मको

| खर्चहरू रुपियाँमा | | आम्दानीहरू रुपियाँमा | |
|---|---|---|---|
| उपहार खरिद | ९५००/०० | व्याज आम्दानी | ६५७९०/७७ |
| व्याजकर | २८८/०७ | भजन बाट आम्दानी | ४८७००/०० |
| मर्मत संभार | १७००/०० | सि.डि.बिक्रीबाट | ७९३२/०० |
| उपचार सहयोग | २१०००/०० | | |
| सामान खरिद | २४०००/०० | | |
| यातायात खर्च | १९५०/०० | | |
| खाना र जलपान खर्च | ३२७२१/०० | | |
| सि.डि. निमोण खर्च | ११००००/०० | | |
| विविध खर्च | १६००/०० | | |
| **जम्मा –** | **२०२७५९/०७** | **जम्मा –** | **१२२४२२/७७** |
| | | **यसवर्षको घाटा** | **८०३३६.३०** |
| | | **जम्मा –** | **२०२७५९.००** |

| **श्याममान वज्राचार्य** | **प्रेमलक्ष्मी तुलाधर** | **भिक्षुणी धम्मवती** |
|---|---|---|
| *कोषाध्यक्ष* | *सचिव* | *अध्यक्ष* |

Downloaded from http://www.dhamma.digital